# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क ४४ | २०७४ वैशाख २५ गते सोमबार | Monday, May 8, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## रहेनन् वरिष्ठ साहित्यकार शर्मा

◆ वर्गदृष्टि संवाददाता/काठमाडौं

वरिष्ठ प्रगतिशील साहित्यकार श्यामप्रसाद शर्माको आइतबार बिहान निधन भएको छ । अल्जाइमरलगायत रोगबाट पीडित ९८ वर्षीय शर्माको बिहान ४ बजे कमलादीस्थित आफ्नै निवासमा निधन भएको हो ।

उनी नेपाली प्रगतिशील साहित्यिक क्षेत्रका अगुवा तथा प्रगतिशील लेखक संघका संस्थापक अध्यक्षसमेत हुन् । शर्मा राणा शासन विरोधी आन्दोलनका लागि सत्याग्रह आन्दोलनमा पनि सामेल भएका थिए ।

शर्माको पार्थिव शरीरलाई बिहान १० देखि दिउँसो २ बजेसम्म नेपाल प्रज्ञाप्रतिष्ठानमा राखिने र ३ बजे पशुपति आर्यघाट लगेर अन्त्येष्टि गरिने प्रगतिशील लेखक संघका अध्यक्ष मात्रिका पोखरेलले जानकारी दिए ।

विक्रम संवत १९८६ मा जन्मिएका शर्माका बहिनीलाई चिठी (२००८) र (२०१२), तँ, तिमी, तपाईं, हजुर (२०१४), मेरो आमा (२०२३), थुनुवाको डायरी (२०३८) चर्चित कृति हुन् ।

## देजमोका उम्मेदवारहरूको पक्षमा मतदान गर्न

# जनसमुदायमा अपील

◆ वर्गदृष्टि संवाददाता



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले देशभक्त जनगणतान्त्रिक मोर्चाका उमेदवारहरूको पक्षमा मतदान गर्न जनसमुदायको नाममा सार्वजनिक आव्हान गरेको छ । क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य'किरण'ले एक अपील जारी गर्दै जनसमुदायमा यस्तो आव्हान गरेका हुन् । २३ बैशाखमा जारी अपीलमा अध्यक्ष किरणले देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका तर्फबाट उम्मेदवार बनेका उम्मेदवारहरूको पक्षमा मतदान गर्न आम मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेशी, पिछडिएका क्षेत्र तथा बुद्धिजीवीसहित सम्पूर्ण उत्पीडित वर्ग र जनसमुदायसित हार्दिक अनुरोध गरेका छन् ।

क्रान्तिकारी माओवादीले देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल मार्फत् स्थानीय तहको निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने नीति लिएसँगै ३१ बैशाखमा हुने पहिलो चरणको निर्वाचन हुने ३, ४ र ६ नं. प्रदेशका अधिकांश जिल्लामा मोर्चाले उम्मेदवारी दिएको छ । यस प्रदेशमा पर्ने चार ठूला महानगरपालिकाहरू काठमाडौं, भरतपुर, ललितपुर र पोखरा लेखनाथमा मोर्चाले मेयर/उपमेयरलगायत वडाहरूका विभिन्न पदमा उम्मेदवारी दिएको छ ।

देजमोको केन्द्रीय कार्यालय सचिव हरिकृष्ण गजुरेलले दिएको जानकारी अनुसार पहिलो चरणको निर्वाचनमा महानगरपालिकाबाहेक ३० नगरपालिका र १६ गाउँपालिका प्रमुख उपप्रमुखलगायत वडाहरूका विभिन्न पदमा उम्मेदवारी दिएको छ । तीन दलीय सिन्डिकेटका कारण दलीय चुनाव चिन्हबाट बञ्चित गरेपछि देजमोका उम्मेदवारहरू स्वतन्त्रको हैसियतमा फरक फरक चुनाव चिन्ह लिएर निर्वाचनमा होमिएका छन् ।

राष्ट्रियता, जनतन्त्र र जनजीविका मुद्दाहरूलाई जनस्तरबाटै उठाउने, जनघाती/राष्ट्रघाती तत्वहरूको भण्डाफोर गर्ने र पार्टी तथा मोर्चाको बारेमा रहेका र छरिएका भ्रमहरूलाई चिरेर जनमतलाई आफ्नो पक्षमा पार्ने उद्देश्यसहित चुनावको क्रान्तिकारी उपयोग गर्ने निर्णय गरेपछि पार्टी र मोर्चा जनताको घर घरमा पुगेको छ र पार्टी तथा मोर्चामा एउटा गतिशिलता पैदा भएको छ । पुरानो राज्यव्यवस्था र संसदीय व्यवस्था अन्तर्गत हुन गइरहेको यो स्थानीय निर्वाचनले पनि जनताको पक्षमा र हितमा काम गर्न नसक्ने निष्कर्षका साथ क्रान्तिकारी माओवादीले भाग नलिएर मोर्चामार्फत् लिएको हो ।

पार्टीका अध्यक्ष किरणले देजमोका उम्मेदवारको पक्षमा मतदान गर्न आव्हान गरेको अपीलमा भनिएको छ, "नेपाली जनताले देशमा विद्यमान सामन्तवाद, साम्राज्यवाद तथा विस्तारवादद्वारा हुँदैआएका उत्पीडन, दमन तथा प्रभुत्वको अन्त्यगरी राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका समस्याको समाधानका लागि धेरै रगत र पसिना बगाए । ठूलो संख्यामा सहादत प्राप्त गरे, कैयौं राज्यद्वारा वेपत्ता पारिए, कैयौं घाइते अपाङ्ग बने । परन्तु, जनतालाई वर्गीय आत्मसमर्पणवादी, राष्ट्रघाती तथा जनघाती तत्व र दक्षिणपन्थी संशोधनवादी नेताहरूले धोका दिए । फेरि पनि दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवर्गको राज्यसत्ता र संसदीय व्यवस्था कायम गरिए । यद्यपि दोस्रो संविधानसभाद्वारा निर्मित संविधानमा गणतन्त्र, धर्मनिरपेक्षता, संघीयता, समावेशी समानुपातिक ... बाँकी ७ पेजमा

### देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

### नपा र गापाका उम्मेदवारहरू कसले कुन चिन्ह पाए ?

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले दलीय चुनाव चिन्हका लागि एकल तथा संयुक्त रूपमा आन्दोलन गरेपनि तीन दलीय सिन्डिकेटका कारण चुनाव चिन्ह नदिएपछि मोर्चा उम्मेदवारै पिच्छे फरक फरक चुनाव चिन्ह लिएर निर्वाचनमा सहभागी भएको छ। ३१ बैशाखका लागि घोषित पहिलो चरणको निर्वाचनका लागि भएको उम्मेदवार मनोनयन दर्तामा ३, ४ र ६ नं. प्रदेशका अधिकांश जिल्लाका महानगर, नगर र गाउँपालिका र त्यसका विभिन्न वडाहरूमा देजमोले उम्मेदवारी दर्ता गराएको छ ।

पहिलो चरणको निर्वाचन हुने तीनवटै प्रदेशमा पर्ने चारवटा महानगरपालिका लगायत ३४ वटा नगर र १६ वटा गाउँपालिकामा प्रमुख, उपप्रमुख लगायत विभिन्न वडाहरूमा उम्मेदवारी दिएको छ । देजमोका उम्मेदवारहरूले क्यामेरा, इँटादेखि मकैको बोटसम्म चुनावी चिन्ह पाएका छन् । देजमो गोरखाका उम्मेदवारहरूले भने सबैले क्यामेरा चुनाव चिन्ह पाएका छन् । अन्य जिल्लाका महानगर, नपा, गापालगायत सबै वडाहरूमा फरक, फरक चुनाव चिन्ह पाएका छन् । महानगर, नपा र गापाका प्रमुख र उपप्रमुखले पाएको चुनाव चिन्ह सम्भव भएसम्म यहाँ प्रस्तुत गरिएको छ। *(हेर्नुहोस् पृष्ठ-४)*

## चुनावमा देजमोको उत्साहपूर्ण सहभागिता

# कुन पदमा क-कसले दिए उम्मेदवारी ?

काठमाडौं । निर्वाचनको क्रान्तिकारी उपयोगको नीति लिएको देशभक्त जनगणतान्त्रिक मोर्चाका उम्मेदवारहरूले ३१ बैशाखका लागि घोषणा गरिएको पहिलो चरणको चुनाव हुने ३, ४ र ६ नं प्रदेशका अधिकांश जिल्लाका गाउँ तथा नगरपालिकामा उम्मेदवारी दर्ता गराएको छ ।

देजमोका केन्द्रीय कार्यालयले दिएको जानकारी अनुसार देजमोका उम्मेदवारहरूले काठमाडौं, ललितपुर, भरतपुर र पोखरा-लेखनाथ महानगरपालिकालगायत सबै गाउँ तथा नगरपालिका र वडाहरूमा उम्मेदवारी दर्ता भएको हो ।

**काठमाडौं**

-काठमाडौं महानगरपालिका-मेयर-गोर्कीप्रसाद श्रेष्ठ, उपमेयर-सावित्रा खरेल

-टोखा नगरपालिका- मेयर- केशर प्रधान, उपमेयर- रूपाकुमारी अधिकारी रिजाल, वडा नं. २ अध्यक्ष-मणिराज डंगोल, वडा नं. ३ अध्यक्ष आशाकाजी महर्जन, वडा नं. ५ अध्यक्ष रामशरण गिरी, वडा नं. ६ अध्यक्ष गोपाल बहादुर कार्की, वडा नं. ७ अध्यक्ष सुमित्रा न्यौपाने

-तारकेश्वर नगरपालिका- मेयर-बद्री चापागाईं, उपमेयर-रेखा रम्तेल, वडा नम्बर २ को अध्यक्षमा विकास तामाङ, वडा नम्बर ७ मा कृष्णबहादुर खत्री,

-बुढानिलकण्ठ नगरपालिका-मेयर- देवीप्रसाद अधिकारी, वडा नम्बर ६ को अध्यक्षमा पञ्चलाल श्रेष्ठ

-गोकर्णेश्वर नगरपालिका- मेयर-ढोगप्रसाद अधिकारी

-कीर्तिपुर नगरपालिका-मेयर-शारदा महत, उपमेयर-रमेश महर्जन

-कागेश्वरी-मनोहरा नगरपालिका-मेयर- दिनेश फुयाल, वडा नम्बर ३ को अध्यक्षमा रेवती प्रसाद पुडासैनी

चन्द्रागीरि नगरपालिका -मेयर-विष्णुकुमार कार्की, उपमेयर अम्बिका पाण्डे

... बाँकी २ पेजमा

## 'संसदीय व्यवस्थाको संकटमोचन नयाँ जनवादले मात्र गर्न सक्छ'

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले प्रतिक्रियावादी संसदीय राज्यव्यवस्थामा गम्भीर संकट आएको बताएका छन् । १२८ औं मई दिवसको अवसरमा अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघले ललितपुरको कुपण्डोलमा सोमबार आयोजना गरेको कार्यक्रमलाई प्रमुख अतिथिको रूपमा सम्बोधन गर्दै अध्यक्ष बैद्यले यस्तो बताएका हुन् ।

'नेपाली राजनीतिको पछिल्लो घटनाक्रमले प्रतिक्रियावादी राज्यसत्ता र संसदीय व्यवस्थामा गम्भीर संकट आयो ।' बैद्यले भने, 'व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका बीचको असन्तुलनले प्रतिक्रियावादीहरूका बीच संकट चुलिएर गएको छ । यो संकटको दीर्घकालीन समाधान नयाँ जनवाद र वैज्ञानिक समाजवाद भन्दा अरु कुनै पनि व्यवस्थाले दिन सक्दैन ।'

मार्क्सवादको सारतत्व सर्वहारावर्गको अधिनायकत्व हो भन्दै नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर जनवाद स्थापना गरी वैज्ञानिक समाजवाद हुँदै साम्यवादसम्म पुग्ने जनयुद्धको लक्ष्यमाथि प्रचण्ड बाबुरामहरू प्रतिक्रियावादीहरूको मतियार बनेर गद्दारी गरेपछि रक्षात्मक अवस्थामा पुगेको क्रान्तिकारी माओवादी आन्दोलनलाई सुदृढ बनाएर अगाडि बढाउनुपर्ने दायित्व क्रान्तिकारीहरूको काँधमा आएको अध्यक्ष किरणले बताए ।

अध्यक्ष किरणले भने, 'साम्राज्यवाद कम्युनिष्टहरूलाई फुटाउने सवालमा सफल भयो तर कम्युनिष्टहरू साम्राज्यवादीहरूलाई फुटाउने सवालमा सफल हुन सकेनन । यसको वैज्ञानिक ढंगले विश्लेषण गरेर अघि बढ्नु पर्दछ ।'

कार्यक्रममा अतिथिको रूपमा उपस्थित क्रान्तिकारी माओवादीका कार्यालय सदस्य रामसिंह श्रीसले मजदुर वर्गको मुक्तिका निम्ति अन्तिम लक्ष्य सर्वहारावर्गको राज्यसत्ता स्थापना नगरी हुन्न भन्दै नेता श्रीसले त्यसको लागि क्रान्ति/आन्दोलनको विकल्प नरहेको कुरामा जोड दिए ।

क्रान्तिकारी ... बाँकी ८ पेजमा

## अदालत-संसद द्वन्द्वले संसदीय व्यवस्था गम्भीर संकटमा

◆ वर्गदृष्टि संवाददाता/काठमाडौं

प्रधानन्यायधीस सुशिला कार्कीमाथिको महाभियोगको प्रस्तावलाई पुनः सर्वोच्च अदालतले नै अघि नबढाउन आदेश दिएपछि व्यवस्थापिका संसद र अदालतबीच सोझो टकरावको अवस्था देखिएको छ ।

सरकारकै योजनामा प्रधानन्यायधिशमाथि महाअभियोग आएको भन्दै अदालत र कार्यपालिकाबीच टकराव देखिइरहेका बेला संसदमा प्रवेश गरिसकेको महाअभियोगको प्रस्ताव अघि नबढाउन आदेश दिएको थियो । अदालतको पछिल्लो आदेशसँगै संसद र अदालतबीच नै शक्ति संघर्षको अवस्था देखिएको छ ।

यो विषयलाई लिएर संसदमा रहेका दलहरू समेत विभाजित देखिएका छन् । नेकपा एमालेले यसलाई स्वागत गर्दै संसदीय सर्वोच्चदामाथिको प्रहारमा आँखा चिम्लिएको छ भने काँग्रेस र माओवादी केन्द्रले यसलाई सार्वभौम संसदको क्षेत्राधिकार मिचिएको रूपमा टिप्पणी गर्दै आएको छ ।

क्रान्तिकारी माओवादीले भने कार्कीमाथि महाअभियोग लागेको भोलिपल्टै यसलाई संसदीय व्यवस्थाकै संकटको रूपमा टिप्पणी गरिसकेको छ । अहिले देखिएको शक्ति संघर्षमा सरकारमा रहेका दलहरू समेत निरीह बनेका छन् भने संसदीय व्यवस्थाकै हिमायती एमालेले त्यस विषयमा आँखा चिम्लिएको छ ।

कार्कीमाथिको महाअभियोग संविधानको भावना र मर्मविपरीत भएको सर्वोच्चको ठहर छ । 'महाअभियोग प्रस्तावमासर्वोच्च ... बाँकी ८ पेजमा

## भोट हाल्नुअघि जनसमुदायले थाहा पाउनैपर्ने यी कुरा

सरकारले स्थानीय तहको निर्वाचन दुई चरणमा गर्ने निर्णय गरेको छ । २०७४ साल वैशाख ३१ गते हुने पहिलो चरणको निर्वाचनको परिणाम आफ्नो पक्षमा पार्न राजनीतिक दलहरूको र स्वतन्त्र उम्मेद्वारहरू प्रचार प्रसारमा व्यस्त छन् । चुनाव प्रक्रिया र प्रचार प्रसारमा देखिएका कुराहरूले यो व्यवस्था, संविधान र सत्ता संचालन गरिहेका राजनीतिक दलहरू मुख्य त कांग्रेस, एमाले र माओवादी केन्द्रको वास्तविक चरित्र पनि सामान्य जनताले बुझ्ने गरी सतहमा आएको छ । आज व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक पार्टीहर बाहेक अन्य राजनीतिक पार्टीहरूले आफ्नो चुनाव चिन्हमा निर्वाचनमा भाग लिन पाएका छैनन् ।

**राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त गर्न कम्तिमा ३ प्रतिशत मत र १ सिट प्रत्यक्षमा जितेको हुनु पर्ने छ । यसरी अर्को पटकबाट राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त नगर्ने संसदमा प्रतिनिधित्व गर्ने दलहरूले पनि आफ्नो पार्टीको चुनाव चिन्ह लिएर भाग लिन पाउने छैनन् ।**



● रामसिंह श्रीस

व्यवस्थापिका संसदले स्थानीय तह निर्वाचन ऐन २०७३ पारित गरेको छ । त्यही निर्वाचन ऐन अनुसार यो स्थानीय तहको निर्वाचन गराइदै छ । त्यो ऐनको दफा २६ को उपदफा (६) मा भनिएको छ 'निर्वाचन चिन्ह वितरण गर्दा राजनीतिक दलसम्बन्धि प्रचलित संघीय कानुन बमोजिम राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त गरेको दलको उम्मेद्वारलाई मात्र सम्बन्धित दलको निर्वाचन चिन्ह वितरण गरिने छ । ...तर यो ऐन प्रारम्भ भए पछि हुने पहिलो पटकको निर्वाचनको हकमा व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्ने सबै दलको उम्मेद्वारलाई निर्वाचन चिन्ह वितरण गरिने छ ।' त्यही दफाको उपदफा ७ मा भनिएको छ 'उपदफा (६) बमोजिम निर्वाचन चिन्ह प्राप्त नगर्ने दलहरूको उम्मेद्वार तथा स्वतन्त्र उम्मेदवारलाई स्वतन्त्र रूपमा खडा भएको उम्मेद्वारले प्रयोग गर्ने गरी निर्धारण गरिएका निर्वाचन चिन्हको समूहबाट तोकिए बमोजिमको तरिका अनुसार निर्वाचन अधिकृतले निर्वाचन चिन्ह प्रदान गर्ने छ ।' ऐनमा व्यवस्था भएको यी कुराहरूले अहिले व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्ने दलहरू बाहेक अन्य राजनीतिक दलहरूलाई आफ्नो पार्टीको चुनाव चिन्ह लिएर चुनावमा भाग लिन दिइएन । अर्को पटकबाट राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त गरेको दलको उम्मेद्वारलाई मात्र सम्बन्धित दलको चुनाव चिन्हमा भाग लिन दिइएको छ । राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त गर्न कम्तिमा ३ प्रतिशत मत र १ सिट प्रत्यक्षमा ... बाँकी ७ पेजमा

# सम्पादकीय

## कथित संसदीय लोकतन्त्रको असफलता

संसदीय लोकतन्त्र/प्रजातन्त्र पटक पटक असफल भइसकेको व्यवस्था हो । नेपालमा दशवर्षे जनयुद्ध, ०६२/०६३ को जनआन्दोलन, मधेश/आदिवासी जनजाति आन्दोलनले परिकल्पना गरेको भन्दा विपरीत स्थापित गरिएको र यसबीचमा अभ्यास गरिएको संसदीय लोकतन्त्र यसको आफ्नै कारणले फेरि पनि असफलसिद्ध भएको छ ।

दलीय तथा गुटगत र व्यक्तिगत स्वार्थपूर्तिका निम्ति सिंगो व्यवस्थाकै कसरी दुरूपयोग गरिन्छ भन्ने कुरा व्यवस्थापिका/कार्यपालिका र न्यायपालिकाबीचको द्वन्द्व, त्यसको अन्तरनिहित कारण र परिणामले छर्लङ्ग पारेको छ र यो व्यवस्थाको कुरूपतालाई पनि यसले सँगै अभिव्यक्त गरेको छ ।

आइजिपी नियुक्ति प्रकरणमा भएको तीव्र राजनीतिकरण (दलीयकरण), भ्रष्टाचार र कमिसनमा चुर्लुम्म डुबेको दलीय नेतृत्व, सत्ता र शक्तिको दुरूपयोग गरेर राज्यको ढिकुटीमा ब्रम्हलुट मच्चाउन सत्तामा पुग्न गरिने अस्वस्थ प्रतिस्पर्धा, मुट्ठिभर मान्छेहरूको महत्वकांक्षा पूर्ति गर्न सिंगो देशलाई नै बन्दकी राख्ने अभ्यास यो संसदीय लोकतन्त्रमा हुँदै आएको छ ।

यहाँका संसदवादी दल र नेतृत्वको यही चरित्रलाई प्रयोग गरेर विदेशी शक्तिकेन्द्रहरूले नेपालको सार्वभौमिकतामाथि पटक पटक हस्तक्षेप गरिरहेका छन्, खासगरी भारतीय सत्तासिन वर्गले । सत्तामा पुग्न र सत्तामा टिकिराख्न भारतीय विस्तारवादी शासकको दलाली गर्ने प्रवृत्ति नेपाली संसदीय लोकतन्त्रमा संस्कार जस्तै बनेर गएको छ । वर्तमानमा सत्तासिन र सत्ताबाहिर रहेका संसदवादी दलहरूले पनि यही अभ्यासमा आफूलाई श्रेष्ठ सावित गराउन प्रतिस्पर्धा गरिरहेका छन् ।

देश र जनताको भाग्य र भविष्य निर्माणमा भन्दा संसदवादी दलहरू दलीय र व्यक्तिगत स्वार्थमा मरिहत्ते गरेर लागिरहेका छन् । नीति, योजना तर्जुमादेखि त्यसको कार्यान्वयनसम्ममा दल र दलका नेता कार्यकर्ताहरूलाई केन्द्रविन्दु बनाइने अभ्यास गरिएको छ । ठूला भनिएका संसदवादी दलहरूका स्थानीय स्तरका कार्यकर्ताहरू यसै कारण 'विचौलिया' जस्ता भएका छन् । केन्द्रदेखि स्थानीय स्तरसम्म विकासलगायतका बजेटमा संस्थागत भ्रष्टाचार मौलाएको छ । परिणामतः जनताले अनुभूति गर्ने खालको कुनै परिवर्तन हुन सकेको छैन र संसदीय लोकतन्त्रमा त्यो सम्भव पनि छैन ।

यो व्यवस्थामा घटित पछिल्ला घटनाक्रमले सरकार, संसद र अदालतको काम र कार्यशैली हेरेर सचेत नागरिकले लाजले मुख छोप्नुपर्ने अवस्था आएको छ । यस घटनाबाट अन्तर्राष्ट्रिय जगतमा पनि नेपालको संसदीय लोकतन्त्रको असफलताको सन्देश गइरहेको छ । राज्यका तीनवटै अंगबीचको सन्तुलन असन्तुलित बनेर गएको छ । यसले मुलुकमा आम अराजकताको स्थिति विकास भएर जाने देखिन्छ ।

यो संसदीय लोकतन्त्र आम श्रमजीवि जनताका निम्ति प्रतिक्रियावादी व्यवस्था हो । यो व्यवस्थामा आएको संकटबाट श्रमजीवि वर्ग अवश्य पनि उत्साहित बनेको छ तर यो वर्गले खोजेको व्यवस्था स्थापित गराउन सक्ने आन्दोलन र त्यो आन्दोलनको नेतृत्व गर्ने क्रान्तिकारी राजनीतिक शक्ति कमजोर अवस्थामा छ । यस्तो अवस्थामा प्रतिगामी शक्तिले टाउको उठाउन सक्ने प्रवल सम्भावना बढेर गएको छ । र, भारतीय विस्तारवादी हस्तक्षेपले अझ बढी व्यापकता पाउन सक्छ । त्यो स्थिति सिर्जना हुन नदिन र संसदीय लोकतन्त्रमा आएको संकटलाई क्रान्तिकारी संकटमा बदल्दै पहलकदमी लिन क्रान्तिकारी शक्ति सबैभन्दा बढी गतिशिल बन्नुपर्ने वस्तुगत आवश्यकता बढेर गएको छ । नेकपा (क्रान्तिकारी माओवादी) र देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले यस विषयमा गम्भीर भएर कार्यनीतिक स्टेपहरू चाल्न जरुरी देखिन्छ । किनकि, समकालीन कम्युनिष्ट आन्दोलनमा नेकपा (क्रान्तिकारी माओवादी) मात्र विचारधारात्मक तथा राजनीतिक लाइन र कार्यक्रमका हिसाबले क्रान्तिकारी पार्टी र धाराको रूपमा स्थापित छ ।


**परिवर्तनको सम्वाहक**




**सत्यतथ्य निषक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।**

www.moolbato.com


## कुन...

**ललितपुर**

-ललितपुर महानगरपालिका-मेयर-विजय खड्गी, उपमेयर- इन्दिरा अधिकारी, वडा नम्बर ११ को अध्यक्षमा विजय तन्डुकार, सदस्यमा सुरज खड्गी, वडा नम्बर १५ को अध्यक्षमा अकिल शाही, २२ को अध्यक्षमा निरन तुलाधर, सदस्यमा दिलीप शाक्य र सम्पूर्ण शाक्य

-गोदावरी नगरपालिका-मेयर- श्याम केसी, वडा नं. ५ अध्यक्ष रोमस श्रेष्ठ, वडा नं. १० अध्यक्ष जगदिश्वर महर्जन, वडा नं. १३ अध्यक्ष इश्वर विष्ट

-महालक्ष्मी नगरपालिका- मेयर- अर्जुनलाल श्रेष्ठ, उपमेयर-बसन्त कुमार श्रेष्ठ, वडा नं. ९ अध्यक्ष गंगाबहादुर महर्जन, १० नं. वडा अध्यक्ष सुरेन्द्र तामाङ, ६ नं. शैलेन्द्र महर्जन, वडा सदस्यहरू- वडा नं. ८ -पुष्पराज राजथला, प्रकाश श्रेष्ठ, वडा नं. १० -मैते तामाङ, रामचन्द्र विष्ट, कुमार तामाङ, बसुन तामाङ, विसुन तामाङ, वडा नं ६ - निरज महर्जन, राम महर्जन, अमृत महर्जन, रमिला महर्जन

**भक्तपुर**

-भक्तपुर नागरपालिका-मेयर विष्णुप्रसाद न्हिसुतु, वडा नं. ५ अध्यक्ष बलराम लोहला, वडा नं. ६ अध्यक्ष कृष्ण प्रसाद घेमसु, वडा नं. ९ अध्यक्ष रामहरि गणेजु, वडा नं. १० सदस्यमा मोहन हेङगजु

-सूर्यविनायक नगरपालिका- वडा नं. ८ सदस्य राजकुमार लोहला,

-कोन्ज्योस्योङ गाउँपालिकामा अध्यक्षमा अरूण केसी

**चितवन**

-भरतपुर महानगरपालिका-मेयर-अम्बिका मुड्भरी, उपमेयर-बाबुराम प्यासी परियार

वडा नं. ४ अध्यक्ष खड्ग कुँवर, वडा नं ४ महिला सदस्य लक्ष्मी नारायणी कँडेल, वडा नं.११ अध्यक्ष मधु बजगाईं, दलित महिला सदस्य मिरा परियार, महिला सदस्य तुलसी सिम्खडा, सदस्य संजय भूजेल, वडा नं. ७ अध्यक्ष विष्णु रिजाल, वडा नं. १४ अध्यक्ष वृहस्पती दवाडी, सदस्य राजेन्द्र पराजुली, सदस्य लक्ष्मण सापकोटा, वडा नं १५ अध्यक्ष महादेव शर्मा पौडेल, सदस्य टेकप्रसाद बमजन, सदस्य अमीत सापकोटा, दलित महिला सदस्य मिना विक, वडा नं. १६ अध्यक्ष राजकुमार बोलाखे, वडा नं. १७ अध्यक्ष रामचन्द्र विक, वडा नं. १८ अध्यक्ष रामबहादुर विक, वडा नं. १९ अध्यक्ष दुर्गादेवी सुवेदी, वडा नं. २१ अध्यक्ष अरुणा थापा, महिला सदस्य लक्ष्मी गुरुङ, दलित महिला सदस्य कृष्णा विक, सदस्य वालकृष्ण चापागाईं, वडा नं. २५ अध्यक्ष किरण पाठक, सदस्य डम्बर राना,

-माडी नगरपालिका मेयर-चन्द्रप्रसाद सुवेदी, उपमेयर-सावित्री पौडेल

वडा नं. १ अध्यक्ष तिलक अधिकारी, महिला सदस्य इन्दिरा क्षत्री, वडा नं २ अध्यक्ष टंक बास्ताकोटी, दलित महिला सदस्य रत्नकुमारी दमाई, महिला सदस्य गंगा घिमिरे, सदस्य फिरल महतो, सदस्य हिरामणि महतो, वडा नं. ३ अध्यक्ष भवीश्वर महतो, वडा नं.४ अध्यक्ष रामवली महतो, वडा नं. ५ अध्यक्ष तारा विक, दलित महिला सदस्य माया विक, वडा सदस्य पूर्णसिंह घतानी, वडा नं. ६ अध्यक्ष कृष्ण पौडेल, महिला सदस्य भगवती घिमिरे, दलित महिला सदस्य सरिता विक, सदस्य जीवन महतो, विजय पौडेल, वडा नं. ७ अध्यक्ष तोरण परियार, सदस्य घनश्याम आचार्य, सदस्य अम्बिका प्रसाद अधिकारी, वडा नं. ९ अध्यक्ष प्रेम आचार्य,

-राप्ती नगरपालिका मेयर- गायत्री पनेरु'गोमा', वडा नं. १ अध्यक्ष गुणराज सापकोटा उद्धव, महिला सदस्य कमला श्रेष्ठ, सदस्य बुद्धिलाल श्रेष्ठ,

-रत्ननगर नगरपालिका- उत्तम सिम्खडा, उपमेयर विन्दा कार्की, वडा नं. १२ अध्यक्ष छविलाल सुनुवार, सदस्य सुमन विक

-खैरहनी नगरपालिका-मेयर-चुँडामणि दर्जी

**सिन्धुपाल्चोक**

बलेफी गाउँपालिका अध्यक्ष खड्गबहादुर थापा'किसान', वडा नं. ७ अध्यक्ष रत्नबहादुर भुजेल, चौतारा साँगाचेक गढी नगरपालिका वडा नं. ११ अध्यक्ष अनिश तामाङ, वडा नं. १२ अध्यक्ष चक्रबहादुर तामाङ

इन्द्रावती गाउँपालिका वडा नं. ७ अध्यक्ष असल तामाङ,

**कास्की**

-पोखरा लेखनाथ महानगरपालिका- मेयर- भीमबहादुर श्रीस, उपमेयर कल्पना थापा, वडा नं. ९ अध्यक्ष लक्ष्मी अधिकारी, वडा नं. १४ अध्यक्ष देवी थापा, सदस्य बिनिता तामाङ, वडा नं. १५ सदस्य इन्द्र बहादुर गुरुङ, वडा नं. २६ अध्यक्ष तिलकप्रसाद बराल, सदस्य श्रीधन राई

**तनहुँ**

-ब्यास नगरपालिका मेयर नेत्र रानाभाट, व्यास-३ वडा सदस्यमा रामलाल श्रेष्ठ, व्यास-१४ मा वडाध्यक्ष लेख बहादुर आले,

-बन्दिपुर गाउपालिका प्रमुखमा सुन्दरलाल श्रेष्ठ, उपप्रमुखमा गजेन्द्र भट्टराई, बन्दिपुर-१ मा वडाध्यक्ष नारायण थापा मगर, बन्दिपुर-४ मा वडाध्यक्ष खेम बहादुर थापा, बन्दिपुर-५ वडाध्यक्षमा मनकाजी गुरुङ,

-भानु नगर प्रमुखमा -लक्ष्मी मल्ल,

-शुक्लागण्डकी नगर प्रमुखमा जीत महत, वडा नम्बर ८ को अध्यक्षमा केशब भट्टराई, ९ मा राम बहादुर नेपाली

**दैलेख**

-दुल्लु नगरपालिका- मेयर- वीरेन्द्र सिंह, उपमेयर- चन्द्रकला शाही

-चामुण्डा विन्द्रासैनी नगरपालिका-मेयर- दीर्घबहादुर शाही, उपमेयर- कमला चन्द,

-नारायण नगरपालिका-मेयर- रामबहादुर नेपाली,

-ढुंगेश्वर गाउँपालिका-प्रमुख-धर्मेन्द्र ज्ञवाली, उपप्रमुख- जगत भट्ट,

-बेस्तडा गाउँपालिका-प्रमुख-बालकुमारी खड्का

-भैरवी गाउँपालिका प्रमुख-ललित सुनार, उपप्रमुख प्रमिला वि.क.

-आठविस नगरपालिका मेयरमा शेरबहादुर शाही, उपमेयरमा हरि नेपाली

-ठाँटीकाँध गाउँपालिका प्रमुखमा इन्द्र गौतम, उपप्रमुखमा कलम शाही

**मकवानपुर**

-हेटौडा उपमहानगरपालिका मेयर- सतार अन्सारी

**सिन्धुली**

-कमलामाई नगरपालिका मेयरमा सुबास रायमाझी, उपमेयरमा सुनिता बुढाथोकी बोगटी, वडा नम्बर १ को अध्यक्षमा बाबुलाल लोप्चन, सदस्यमा रामबहादुर श्रेष्ठ, र धनबहादुर रम्तेल, दलित महिला सदस्यमा पम्फाकुमारी विक, वडा नम्बर २ को अध्यक्षमा जानुका गौतम, सदस्यमा जुनाकुमारी चौलागाई, वडा नम्बर ४ को अध्यक्षमा तेजबहादुर सिंह, महिला सदस्यमा पार्वती कार्की, सदस्यमा हरिबहादुर बस्नेत, महावीर सार्की, वडा नम्बर ५ को अध्यक्षमा कृष्णबहादुर विक, सदस्यमा शक्तबहादुर स्याङबो, सुरेश थापा, वडा नम्बर ६ को अध्यक्षमा कल्याण मगराती, वडा नम्बर ७ को अध्यक्षमा मानबहादुर थापा, वडा नम्बर ८ को अध्यक्षमा नवरत्न देवकोटा, वडा नम्बर ९ को अध्यक्षमा निमप्रसाद फुयाल, सदस्यमा सुबास माझी, वडा नम्बर १० को अध्यक्षमा हर्कबहादुर खड्का, वडा नम्बर ११ को अध्यक्षमा विरबहादुर योन्जन, सदस्यमा विजय तामाङ स्याङतान, सुबे वाइबा

-फिक्कल गाउँपालिकाको उपाध्यक्षमा लोकबहादु कार्की 'लोकेन्द्र'

-गोलान्जर गाउँपालिकाको अध्यक्ष अर्जुनबहादुर थापा, उपाध्यक्ष उमेश मगराती, वडा नम्बर १ को अध्यक्षमा मुक्तिनाथ पहाडी, वडा नम्बर ३ को अध्यक्षमा अमृत तोलाङ्गे, वडा नम्बर ५ को अध्यक्षमा चन्द्रकुमारी रम्तेल, ६ को अध्यक्षमा भोजबहादुर देवकोटा

**नुवाकोट**

-सूर्यगढी गाउँपालिका प्रमुख-राजन लामिछाने, वडा नं. ३ अध्यक्षमा चेतनाथ न्यौपाने

-ककनी गाउँपालिका प्रमुखमा धनबहादुर लामा, वडा नम्बर ३ को अध्यक्षमा गोकर्ण बजगाई, सदस्यमा सुनबहादुर तामाङ, रामबहादुर तामाङ, दलित महिला सदस्य लक्ष्मी सुनार, वडा नम्बर ४ को अध्यक्षमा अष्टमान तामाङ

-विदुर नगरपालिकाको वडा नम्बर २ को अध्यक्षमा राम लोहनी,

**धादिङ**

-निलकण्ठ नगरपालिका उपमेयरमा इश्वरी अधिकारी

**जुम्ला**

-तिला गाउँपालिका- वडा नं. ४ अध्यक्षमा अमरसिंह नेपाली,

-तातापानी गाउँपालिका-वडा नं. ७ अध्यक्षमा कालीबहादुर रावत

**पर्वत**

-कुस्मा नगरपालिका मेयरमा तेजेन्द्र पौडेल

**लमजुङ**

राईनाथ नगरपालिकाको मेयरमा सुरेश न्यौपाने

**काभ्रे**

-बनेपा नगरपालिका मेयरमा जीवन मगराती, उपमेयरमा रौरभराज कायस्थ, वडा नं २ अध्यक्षमा टंकप्रसाद घिमिरे

-पनौती नगरपालिका मेयरमा शम्भु के. राउत, वडा नम्बर १२ को अध्यक्षमा नकुल केसी,

-पाँचखाल नगरपालिका मेयरमा श्यामकुमार वि.क., १ नं. वडा अध्यक्षमा हरिबहादुर तामाङ, सदस्य उजुरमान तामाङ, मिलन तामाङ र महिला सदस्य कुसुम तामाङ

-मण्डन देउपुर नगरपालिका मेयरमा लेखप्रसाद घिमिरे, वडा नं. १० अध्यक्षमा भिवबहादुर तामाङ मिलन

... *बाँकी ४ पेजमा*

**झर्रोटर्रो** कैलुब्राह

## पार्टी एकता – जिन्दावाद

जनयुद्धका बेला निर्माण भएको सुप्रिमोपथ यतिबेला सुप्रिमोविचार बनेर समृद्ध भएको छ । जनयुद्ध माथि माथि उक्लन थालेका बेला २०५७ माघमा मिस्टर सुप्रिमोपथ निर्माण भएको हो । २०६५ मा आएर काजिसावको पार्टीसँग एकता गर्नेबेला सुप्रिमोपथले हावा खाएको थियो । काजिसावको नीति, योजना र विचार विपरित गरिएको जनयुद्ध र त्याहि जनयुद्धमा निर्माण भएको विचार भएकाले त्यसलाई खारेज गर्नु परेको थियो । नयाँ जनवाद ल्याउने उद्देश्य भएकाले जनयुद्धमा सुप्रिमोपथको निर्माण गर्नु परेको हो । लोकतन्त्रतिरको बाटो समाएपछि सुप्रिमोपथ छोड्ने कुरो सोह्रैआना मुनासिव थियो । यतिखेर लोकतन्त्र पनि परिपक्क भइसकेकाले अबको बाटो प्रजातन्त्र हुँदै राष्ट्रियता र समाजवादमा जानु पर्ने आवश्यकता भएकाले सुप्रिमोविचार निर्माण गर्नु परेको कुरा सुप्रिमोका एक जना भित्रिया सल्लाहकारले झर्रोटर्रोलाई बताए । यतिखेर मिस्टर सुप्रिमो र मिस्टर डेउडापतिको गहिरो लगनगाँठो कसिएकोले सरकार पनि बलियो भएको र दुबैको अन्तिम लक्ष्य राष्ट्रियता र समाजवाद भएकाले अब पार्टी पनि एउटै बनाउने गरी सहमति गर्नु आवश्यक भएको कुरा चारतारे दल र गोलघेरे दलमा चर्चा चल्न थालेको छ । दिनको सङ्केत विहानीले गर्छ भनेझैँ यी दुई पार्टी एकताको सन्देश दिन अहिलेको गाउँघरे चुनाउमा तालमेल गरिएको हो ।

अहिलेको युग एक्काइसौँ शताब्दीको युग भएकाले १९औँ शताब्दीमा निर्माण भएको मार्क्सवादलाई छेपाराले घोचो समाएझैँ समाउनु महामूर्खता हुन्छ । अझ त्यसमा लेनिनवाद र माओवादलाई समेत जोडेर लैजाने कुरा त झनै पागलपन नै हुन्छ । त्यहि भएर त गोरखाली डाक्टरसावले कम्युनिस्ट पार्टी नै परित्याग गरेर मार्क्सवादलाई समेत गोली मारेर हिँडे । अहिले उनी घोर जातिवादी र क्षेत्रवादी पार्टीसँग एकता गर्ने तयारीमा पुगेका हुन् । अहिलेको उत्तम विचार भनेको उत्तरवाद हो । उत्तरवादी अवधारणामा अहिलेको संसार चलेको छ । अब वर्ग सर्गको कुरा गर्नु पुरातन र सनातनी कुरा हुन्छ । संसरमा कुनै पनि मण्डलको मनुवा जहाँ पनि जान सक्छ । कुनै छेकथुन र बारबन्देज छैन । हाम्रा मण्डलका त झन् संसरैभरी फैलिएका छन् । एनआरएनहरूको कत्रो जालो फैलिएको छ । गरिव गुरुवाहरूलाई पनि खाडी मुलुकमा जान कसैले छेकथुन गरेकै छैन् । झन् सरकारले फ्रि भिसा र फ्रि टिकेटको व्यवस्था मिलाएकै छ । उतै गएर खुरुखुरु रेमिट्यान्स पठाउन छोडेर यहाँ सर्वहार वर्ग भन्दै कम्युनिस्ट पार्टीमा लाग्ने उल्लुहरूको पछि लागेर देश बन्ने वाला छैन । त्यसैले अब वर्गको कुरा पनि समाप्त भइसकेको छ ।

अहिलेको संविधानले सिधै समाजवादमा जाने कुरा सुनिश्चित गरेकै छ । यो संविधानलाई चारतारे, सूर्यछाप, गोलघेरे, गाइछाप, नमस्कारे दल र सो सरह विचार भएका अन्य भुरेटाकुरे दलहरूले स्वीकारी सकेका छन् । जहाँसम्म मधेशवादीहरूको कुरा छ, उनीहरूको खास विरोध भनेको त आफ्नो भविश्यको ग्यारेण्टी नभएको र उता प्रभु महाराजको आदेश बमोजिम चल्नु पर्ने वाध्यताका कारण हो । संविधानको मूल स्पिृटमा त होइन क्यारे । मार्क्सवादले लागू गर्ने भनेको समाजवाद संविधानमै लेखिसकेपछि यो संविधान मान्ने दलहरूका विचमा एकता गर्ने कुरा पनि संविधान अनुकूल नै हुन्छ । हिजका दिनमा टाउको काट्न आदेश गर्ने र टाउको काटिमाग्ने डरले भुमिगत हुने दुबैथरी नेता एउटै सत्तामा बसेपछि वर्गको पनि अन्त्य भएको हो ।

मिस्टर सुप्रिमो जेपि बाबुका सच्चा चेला हुन् । यो कुरा उनले नै पटक पटक भन्ने गरेका पनि छन् । जेपि मर्नु भन्दा अगाडि सुप्रिमोलाई भनेका थिए रे 'मिस्टर सुप्रिमो जी, शन्ति सम्झौतामा हस्ताक्षर तपाइँ र मैले गरेका छौँ । म मरेपछि त्यसको विँडो थाम्ने जिम्मा तपाइँको हुनेछ । अरूको भर पर्न म सक्दैन ।' त्यहि भएर सुप्रिमोले जेपि बाबुलाई सम्झँदा निकै भावुक हुने गर्छन् । जेपि बाबुको विँडो थाम्नकै लागि यतिखेर डेउडापति र सुप्रिमोका बिचमा चुनावी तालमेल गरिएको हो । जेपि बाबुले पार्टीका अरू नेताको भर विश्वास नगरेर नै जर्मन पलायन भएकी आफ्नी सुपुत्रीलाई उताको थर मेट्न लगाएर स्वदेश ल्याएर पार्टीका नेता र मन्त्री बनाए । अहिले मिस्टर सुप्रिमोले पनि जेपिकै अनुयायी भएकाले आफ्नी पुत्रीलाई चितवनको माहानगरपालिकामा मेयर बनाउनकै लागि चारतारे दलसँग चुनावी एकता गरेका हुन् । सुप्रिमो पुत्रीलाई मेयर बनाउनका लागि काठमाण्डौ, पोखरा र ललितपुरका तीनजना पार्टीका हस्तीले बलिदानी दिनु पर्‍यो । सबै कुराबाट चारतारे दल र सुप्रिमोको दल एकै भएपछि एकता गर्न किन आइतबार पर्खनु पर्‍यो ।

*चारतारे दल - जिन्दावाद ।*
*गोलघेरे दल - जिन्दावाद ।*
*मिस्टर सुप्रिमो - जिन्दावाद ।*
*जेपि बाबु - अमर रहुन् ।*
*सुप्रिमो पुत्रीले - जित्नै पर्छ ।*
*पार्टी कार्यकर्ताले बलिदान - दिनै पर्छ ।*
*२२ वैशाख २०७४*

*kailubraha73@gmail.com*

# काठमाडौंलाई गौरव गर्न लायक बनाउँछु

*नेपालको राजनीतिमा लामो ५ दशकभन्दा लामो समयदेखि निरन्तर क्रियाशील रहँदै आएका नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सल्लाहकार गोर्कीप्रसाद श्रेष्ठ काठमाडौं महानगरपालिकाको मेयर पदमा उम्मेदवार बनेका छन् । वि.सं. २००८ सालमा काठमाडौंको न्हयौंखा महादेवटोलमा जन्मिएका श्रेष्ठ २०२२ सालदेखि नै नेपाली कम्युनिष्ट आन्दोलनमा सक्रिय रूपमा लागेका थिए । भियतनामको युद्धमा अमेरिकी बर्बरता र भियतनामी जनताले बहादुरीपूर्वक प्रतिकार गरेको देखेर राष्ट्रिय स्वाधीनताको युद्ध कति निर्ममतापूर्वक लड्नुपर्ने रहेछ भन्ने लागेर कम्युनिष्ट पार्टीमा संगठित भएर लागेका उनी सधैं क्रान्तिकारी एजेन्डामा आफूलाई समाहित गराउँदै आएका छन् । हो चि मिन्हको जीवनी र नेपाली कम्युनिष्ट पार्टीका संस्थापक नेता पुष्पलालसँगको संगतले उनलाई कम्युनिष्ट आन्दोलनमा निरन्तर लागि रहन थप प्रेरणा मिलेको थियो । उनले २०४२ सालमा भारतको मेघालयबाट लखेटिएका नेपालीहरूलाई सहयोग गर्नका लागि बनेको समितिमा बसेर महत्वपूर्ण भूमिका खेलेका थिए भने २०४६ सालको जनआन्दोलनमा राष्ट्रिय जनआन्दोलन समितिको केन्द्रीय समितिमा बसेर काम गर्दागर्दै २०४६ साल फागुन १४ गते पक्राउ परी डेढ महिनासम्म जेल परेका थिए । नेपाली जनयुद्धलाई नजिक रहेर सहयोग गरेका उनी २०६२/६३ को जनआन्दोलनमा पनि सडकको मोर्चामा आफूलाई अग्रभागमा उभ्याएका थिए । यिनै संघर्षशील व्यक्तिको काठमाडौं महानगरपालिकाका मेयरका उम्मेदवार गोर्कीप्रसाद श्रेष्ठसँग गरिएको कुराकानीको सारसंक्षेप :*



### ❑ गोर्कीप्रसाद श्रेष्ठ, काठमाडौंका मेयर पदका उम्मेदवार
### देशभक्त जनगणतान्त्रिक मोर्चा (क्रान्तिकारी माओवादी)

**तपाई काठमाडौं महानगरपालिकाको मेयरमा उम्मेदवार बन्नु भएको छ, विगतमा तपाईहरूले नै अस्वीकार गरेको संविधानसभाबाट बनेको संविधान कार्यान्वयनका लागि हुन लागेको निर्वाचनमा तपाईको पार्टीको सहभागिता किन ?**

हामीले दोस्रो संविधानसभाको निर्वाचन बहिस्कार गरेकै हौं । किनभने त्यहाँ प्रजातन्त्रको पक्षधर हौं भन्ने दलहरूले प्रजातान्त्रिक आधार दलीय प्रणालीभन्दा पनि पछि हटेर कर्मचारीको नेतृत्वमा भएको थियो । त्यसकारण हामीले त्यो चुनाव स्वतन्त्र, निश्पक्ष हुन सक्दैन भनेर निर्वाचनमा भाग नलिएका हौं । जुन कुरा पुष्टि नै भयो । त्यसले जनताको संविधान बन्दैन भन्ने हाम्रो जुन भनाई थियो, अहिले आएर अन्तरिम संविधानमा भएका प्रावधानबाट समेत पछि हटेर संविधान ल्याइएको छ । यसप्रति हाम्रो कुनै समर्थन छैन । यसलाई हामी कुनै हालतमा स्वीकार गर्दैनौं । तर स्थानीय निकाय सिधै जनतासँग जोडिने भएकाले कतिपय कुरा बाहिर बस्दा भन्दा भित्र बसेर गर्न सकिन्छ भनेर हामी चुनावी मैदानमा आएका हौं । यसको अर्थ यो होइन कि हामी संविधान स्वीकार गरेर आएका हौं । हामी यसलाई उल्टाउन र जनताका जनजीविकाका सवाललाई सम्बोधन गर्नका लागि पनि निर्वाचनमा गएका हौं । आम जनताको आग्रहमा नै हामी निर्वाचनमा गएका हौं । त्यसैले हामीले यसलाई क्रान्तिकारी उपयोगका रूपमा लिएका छौं ।

**तपाई देशकै सर्वाधिक चासोको केन्द्र काठमाडौं महानगरपालिकामा उम्मेदवारी दिनुभएको छ, चुनावी माहौल कस्तो छ ?**

निर्वाचनको मैदानमा उत्रिइसकेपछि हाम्रो आधा जित भइसक्यो । अब जनताले हामीलाई चयन गर्नेछन् भन्ने विश्वासमा छौं । निर्णायक शक्ति जनता नै हुन् । जनताले चाहे भने हामीलाई ठूलो मत आउने छ । किनभने अहिले संसदवादी दलबाट जुन उम्मेदवार उठिरहेका छन्, उनीहरूले सत्ता र शक्तिको आडमा चुनावी मैदानमा आएका हुन् । काँग्रेस, एमाले माओवादी केन्द्र, राप्रपाजस्ता शक्ति जनविरोधी र राष्ट्रघाती शक्ति हुन् । यिनीहरूले दशौं, बीसौं वर्षदेखि जनतालाई चुस्ने बाहेक केही पनि काम गरेका छैनन् । जहिले पनि जनतालाई दुःख दिने काममा यिनै दलहरू अग्रपंक्तिमा छन् । त्यसकारण परिवर्तनकामी जनताले परिवर्तन चाहेका छन्, विकल्प खोजेका छन् । हामी ति जनताको विकल्प हौं । सत्तामा बसेर जनताको काम नगर्ने नालायकहरूलाई नै जनताले जिताउँछन् भने त मेरो भन्नु केही पनि छैन । होइन जनता परिवर्तन चाहेका हुन् भने हामी पवित्र छौं, हामीले जनतालाई कहिल्यै पनि दुःख दिएका छैनौं, जनतालाई ढाँटेका छैनौं, धोका दिएका छैनौं । त्यसकारण फटाहा पार्टी भन्दा जनताले हामीलाई चुन्नेछन् । प्रमुख भनिएका पार्टीले देशलाई लुट्नेबाहेक केही गरेका छैनन्, यिनीहरू नेता होइनन् लुटेरा हुन्, जनताले लुटेरालाई चुन्दैनन् भन्नेमा म विश्वस्त छु ।

... *बाँकी ७ पेजमा*

# कुर्चीको मोहमा अपवित्र तालमेल

*यहि वैशाख ३१ गते हुन गईरहेको स्थानीय निकायको निर्वाचनमा नेकपा (क्रान्तिकारी माओवादी) की केन्द्रीय सदस्य तथा चितवन जिल्ला इन्चार्ज एवं. देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालकी केन्द्रिय सचिवालय सदस्य अम्बिका मुडभरी भरतपुर महानगरपालिकाको मेयरका लागि उम्मेदवार बनेकी छन् । चुनावी रौनक बढिरहेका बेला मुडभरीसँग गरिएको कुराकानीको सारसंक्षेपः*



### ❑ अम्बिका मुडभरी, भरतपुरका मेयर पदका उम्मेदवार
### देशभक्त जनगणतान्त्रिक मोर्चा (क्रान्तिकारी माओवादी)

**तपाईले भरतपुर महानगरपालिकामा मेयर पदको लागि आफ्नो उम्मेद्वारी प्रस्तुत गर्नुभएको छ, किन दिनुभयो उम्मेदवारी ?**

राजनैतिक हिसाबले हामीले परिवर्तनका लागि गरिएका आन्दोलनसँगै आँधीमय यात्रा पुरा गर्दै हामी यहाँ आई पुगेका हौं । भलै हामीले उठाएका थुप्रै मुद्धा पूरा हुन सकेका छैनन् । हिजो हामीले जसलाई आन्दोलनको नायक बनायौं त्यहि नायक आज खलनायकको भूमिकामा छन् । जसले गर्दा जनताको अधिकार स्थापित हुन सकेका छैनन् । त्यसैले जनताका ती अधिकार स्थापित गराउनको निमित्त नयाँ खालको आन्दोलन अगाडि बढाउन, माथि बनेका नीति नियमलाई जनपक्षीय रूपमा कार्यान्वयन गराउनका लागि, स्थानीय तहमा जनतालाई ढाँटी छली हुने विकृति विसंगतिका विरुद्ध लड्नको निम्ति मैले मेरो उम्मेद्वारी दिएकी हुँ ।

**मत परिणामले तपाईलाई मेयर बनायो भने तपाईले कस्ता कामहरू गर्नुहुन्छ ?**

चितवन जिल्ला अन्यको तुलनामा राजधानी सँग टक्कर गर्न सक्ने जिल्ला हो । यस्तो जिल्लामा रहेको महानगरपलिकाको मेयर हुँदै गर्दा मैले गर्ने पहिलो काम भनेको संस्थागत रूपमा मौलाएको भ्रष्टाचार, विकृति, विसंगतिविरुद्ध काम गर्नेछु । यहाँका शैक्षिक संस्थाहरूको मनपरी, क्यान्सर हस्पिटल आफैंमा क्यान्सर लागेर थलिएको छ, सरकारी हस्पिटलको सेवा र त्यहाँका कर्मचारीको आफ्ना प्राइभेट हस्पिटलहरूसँगको सम्बन्ध र लापारवाहिपन, एक मात्र एएफयू भित्रको जर्जरता र विकृतिलाई हटाउने दोस्रो काम हुनेछ । त्यसै गरी अव्यवस्थित रूपमा छरिएर रहेका सुकुम्बासीहरूका लागि एकीकृत बस्ती निर्माण गरी बसाउने, युवा बेरोजगारीलाई हटाउन वा विदेश पलायनलाई रोक्न कृषिलाई नयाँ मोडलमा विकास गर्ने, धार्मिक आस्था राख्नेहरूको लागि देवघाटको स्तरोन्नति गर्ने, चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएको हिसाबले पनि पर्यटन व्यवसायलाई प्रवर्द्धन र विकास गर्ने, नारायणी नदि किनारमा व्यवस्थित तटबन्ध गरेर त्यहाँको किनारमा सुहाउने सम्भवना खोजी गर्ने, महानगरपालिकाको सबै वडालाई छुने गरी रिङरोड निर्माण गर्ने र प्लटिङ्को नाममा उर्वर जमिनलाई सिध्याउने र खण्डिकरण गरी महानगरपालिकालाई जसरी कुरूप बनाउने काम भएको छ त्यसलाई सधैका लागि प्रतिबन्ध लगाउने जस्ता काम हाम्रो सुरुवाती कामहरू हुनेछन् ।

**तपाइहरूको दल एउटा राष्ट्रिय दल भएर पनि चुनाव चिह्न नपाएको, किन ?**

यो सन्दर्भका कुरा गर्नु पर्दा नेपालमा फेरि अर्को एउटा तानाशाही र फाँसिवादी चरित्र देखा परेको छ । प्रजातान्त्रिक भनिएको व्यवस्थामा राजनीतिक पार्टीलाई निर्वाचन चिन्हबाट बञ्चित गरिनुलाई हामीले नयाँ स्वरूपको फाँसिवाद भनेका छौं । जसरी आफूले जनतामा गरेको प्रतिबद्धताबाट भागेको विषयलाई छोप्नको निम्ति, हामीले उनका सक्कली रूप जनतामा देखाई दिन्छौं भनी आतकिंत भएर हामीलाई स्वतन्त्र हुन बाध्य पारियो । जसले हामीलाई आपनो कर्तुत छोप्न चुनावबाट बाहिर राख्ने षणयन्त्र गर्‍यो, त्यसको विरुद्ध हामीले स्वतन्त्रबाट भने पनि निर्वाचनमा जाने निर्णय गरेका छौं । हामीलाई फरक-फरक चुनाव चिन्ह दिएका छन् तर पनि चितवनका जनता सचेत छन्, हाम्रो मत सुरक्षित छ ।

**तपाईहरूको चुनाव चिह्न उम्मेद्वारै पिच्छे फरक छ भने, यो छोटो समयमा मतदातालाई कसरी बुझाउनु हुन्छ त ?**

हो, षणयन्त्रपूर्वक ढिलो गरी आएको चुनाव चिन्ह जनताको बिचमा लानको लागि निकै ठूलो चुनौति छ । तर पनि हामी त्यो चुनौतिको सामाना गर्न तयार छौं । जस्तो हाम्रो चुनाव चिन्हहरू दलहरूको चुनाव चिन्ह सकिने बित्तिकै १७ नम्बरको लाइनमा हामीहरूको चुनाव चिन्हहरू छन् । १७ नम्बर भनेको स्वतन्त्र उम्मेद्वारहरूको चुनाव चिन्ह सुरु भएको पहिलो लाईन हो । त्यसमा मेरो चुनाव चिन्ह ब्याडमिन्टनको कक र उप-मेयरको चिन्ह क्याप टोपी छ, त्यसै गरी हामी महानगरपालिकाको १० ओटा वडाहरूमा उम्मेद्वारी दर्ता गराएका छौं । जस अन्तर्गत अध्यक्षको चिन्ह बच्चाको फ्रक, महिला सदस्यहरूको गितार र दलित महिलाहरूको मुला रहेको छ त्यसै गरी खुल्ला तर्फका सदस्यहरूमा सेफ्टी पीन र सियो धागो रहेको छ । यी चुनाव चिन्हहरू लिएर हाम्रा कार्यकर्ता र समर्थकहरू जनताको धरदैलोमा जाने छन् । जसले गर्दा जनताले परिवर्तनकामी शक्ति र यथास्थितिवादीलाई चिनेर आफ्नो मत दिने हुँदा जनताको मतमा ध्रुवीकरण हुने विश्वास हामीले लिएका छौं ।

**तपाईको पार्टीले २०७० को दोस्रो संविधानसभाको निर्वाचन त बहिस्कार गरेको थियो तर यो निर्वाचनलाई चाहिं किन उपयोग गर्दै हुनुहुन्छ ?**

यो निर्वाचनलाई हामीले क्रान्तिकारी उपयोग गर्ने निर्णय गरेका छौं । २०७० को दोस्रो संविधानसभाको निर्वाचनको जसरी तयारी गरियो त्यो नीतिगत त्रुटीका कारण बहिस्कार गर्‍यौं । जसरी २०६३ सालमा अन्तरिम संविधान बन्यो त्यो संविधानको बलमा पहिलो संविधानसभाको निर्वाचन भई सके पछि जनपक्षीय मुद्धा उठान गर्दै गर्दा बिना कारण मध्यरातमा विघटन गर्नु र दोस्रो संविधानसभामा निर्दलीय सरकारको नेतृत्वमा निर्वाचनमा जाने निर्णय गरियो त्यस प्रति हाम्रो घोर आपत्ति थियो त्यसै अनुसार हामीले त्यस निर्वाचन बहिस्कार गरेका हौं । तर यस निर्वाचनको कुरा गर्नु पर्दा यो आम जनताको दैनिकीसँग जोडिएका, जनताको सामान्य भन्दा सामान्य मुद्धा

... *बाँकी ७ पेजमा*

# पाटनका ढुंगेधाराबाट पानी खसाल्छु

*नेवाः राष्ट्रिय मुक्ति मोर्चाबाट राजीतिमा प्रवेश गरेका ललितपुरका जुझारु युवा नेता विजय खड्गी ललितपुर महानगरपालिको मेयरको रूपमा चुनावी मैदानमा उत्रिएका छन् । राष्ट्रिय उद्योग व्यापार संघ ललितपुरको अध्यक्ष र केन्द्रीय सचिवालय सदस्य समेत भएर कामम गरिसकेका उनी स्थानीयबासीमा अत्यन्तै परिचित र छिट्टै घुलमिल भइहाल्ने स्वभावका छन् । स्थानीय तहको निर्वाचनमा हाल उनी शंख चिन्हसहित मैदानमा छन् । उनको उम्मेदवारीबारे गरिएको कुराकानीको सारसंक्षेप :*



### ❑ विजय खड्गी, ललितपुरका मेयर पदका उम्मेदवार
### देशभक्त जनगणतान्त्रिक मोर्चा (क्रान्तिकारी माओवादी)

**तपाईले ललितपुर महानगरपालिकामा उम्मेदवारी किन दिनुभएको हो ?**

यो महानगर भित्र आमूल परिवर्तनका लागि, नयाँ जनवादी क्रान्त्रि सम्पन्न गर्ने त्यस्तै जनयुद्धका सहिद, घाइते, बेपत्ता तथा अंगभंग भएकाहरूको माग पूरा गर्नुपर्ने आवश्यकता छ । राष्ट्रियता, जनतत्रन्त्र र जनजीविकाका सवालमा प्रश्न चिन्ह खडा भएका छन् । दलाल र राष्ट्रघातीहरूले नेपालको अस्तित्वमाथि धावा बोलिरहेका छन् । महानगरपालिका बनाइएपनि यसलाई संघीयताको मर्मअनुसार अधिकारसम्पन्न नबनाउने र केन्द्र तथा राज्यकै अधिनमा राख्ने, आदिवासी जनजातिहरूलाई अधिकारबाट बञ्चित गर्ने जुन कुचेस्टा भइरहेको छ । त्यसलाई भण्डाफोर गर्न र क्रान्तिकारी एजेण्डाहरू स्थापित गर्नका लागि मैले महानगरपालिकाको मेयरमा उम्मेदवार दिएको हुँ । देशमा आफूलाई ठूला भनाउने राजनीतिक पार्टीहरूले स्थानीय तहलाई विबगतमा भ्रष्टाचारको अखडामा परिणत गरेका उदाहरण हामीसँग छन्, अहिले आएको माओवादी केन्द्र तिनीहरूलाई पनि उछिन्ने गरी त्यही दलदलमा फँसेकाले जनतालाई क्रान्तिकारी विकल्प दिनका लागि पनि मेरो उम्मेदवारी आएको हो ।

**तपाईका चुनावी एजेन्डाहरू के के छन् ?**

पाटनमा रहेका सांस्कृतिक ढुंगेधाराबाट पानी खसाल्नु मेरो प्रथम कार्य हुनेछ । बेरोजगार युवाहरूलाई कसरी स्वरोजगार बनाउने भन्ने विषयमा म सँग केही विशेष योजनाहरू रहेका छन् । त्यस्तै मठ, मन्दिर, भाषा, सिप, कला र संस्कृतिको संरक्षण एवम् विकास कसरी गर्ने तेस्रो योजना छ । शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा, सडक, खानेपानी जस्ता सामाजिक जनजीवनसँग जोडिएका विषयमा मैले प्राथमिकताका साथ काम गर्ने योजना बनाएको छ । पर्यटकीय नगरी ललितपुर पाटनमा लाखौं देशी विदेशी पर्यटक भित्र्याउँने पाँचौ योजना छ । स्थानीय तहका समस्या समाधान गर्न स्थानीय युवा नेतृत्व आवश्यक हुन्छ । नेवारी समुदायको नेतृत्व गर्न मैले आफूलाई सक्षम ठानी अन्य विविध योजना जस्तैः शिक्षा, स्वास्थ्य खाद्य, खानेपानी, सरसफाई, ढलनिकासबारे मैले काम अघि बढाउने छु । यीनै एजेन्डा लिएर म ललितपुर महानगरपालिकाको चुनावी मैदानमा उत्रिएको छु ।

**तपाईको निर्वाचन जित्ने आधारहरू के के छन् ?**

चुनाव प्रचारमा जाँदा महानगरै भरिका जनसमुदायको राय बुझियो । अधिकांश जनतामा पुराना राजनीति दलका परम्परित भ्रम, भ्रष्टचार, दलालीकरणबाट पाटनका जनता वाक्क भएका पाइयो । हाम्रो पार्टीको मजबुद स्थिति बुझियो । हामीसँग चुनाव जित्ने आधार हाम्रो पार्टीको विचार, भिजन र सही कार्यदिशा नै हो । हाम्रो सांगठनिक संरचना मजबुद छ । स्थानीय जनसमुदायबाट हामीलाई उत्साह र सहयोग पाएको छु । म यो निर्वाचनमा उठ्नुअघि देखि नै स्थानीय स्तरका समस्याहरू समाधानका लागि संघर्ष गर्दै आइरहेको छु । हरेक समस्याको समाधान छिटो भन्दा छिटो गर्ने मेरो महानगरमा म नै होला । त्यसैले मलाई महानगरका धेरै मानिसले चिन्छन् र लोकप्रिय मान्छन् । त्यो हुनुमा मेरो व्यवहार, काम र शैली हो । हाम्रो पार्टीको स्पष्ट भिजन र कार्यदिशा तथा अन्य दलहरूले अहिलेसम्म देशको नेतृत्व गरेका दलहरूप्रति तिव्र वितृष्णा पैदा भएको अवस्था छ । त्यसैगरी यहाँका विकासका प्रक्रिया लामो समयदेखि अवरुद्ध बन्दै आएको अवस्था छ । त्यसकारण पनि अब जनताले विकल्प खोजेको अवस्था छ । म र मेरो पार्टी क्रान्तिकारी माओवादी र देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल जनताको पहिलो विकल्प हो र निर्वाचन जित्ने बलियो आधार पनि यहि हो ।

# आशा र उत्साहको चुनावी वातावरण बनेको छ

*नेकपा मसालमा रहेर २० वर्षसम्म राजनीति गरेका भीम श्रीस, ०५१ सालदेखि ०५८ सम्म राङखानी गाविसको अध्यक्ष भएका थिए । अरुले भन्दा आफूले गाउँमा धेरै विकास गरेको दावी गर्दै उनी गाविस अध्यक्ष भएर गाउँ विकास सक्रिय भूमिका खेली इमान्दारितापूर्वक जनताको सेवा गरेका थिए । स्थानीय तहको निर्वाचनमा हाल उनी क्यामेरा चिन्हसहित चुनावी मैदानमा उत्रिएका छन् । उनको उम्मेदवारीबारे गरिएको कुराकानीको सारसंक्षेप :*



### ❑ भीम श्रीस, लेखनाथ पोखराका मेयर पदका उम्मेदवार
### देशभक्त जनगणतान्त्रिक मोर्चा (क्रान्तिकारी माओवादी)

**तपाईले पोखरा लेखनाथ महानगरपालिकामा उम्मेदवारी किन दिनु भएको हो ?**

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरू अत्यन्तै जटिल बनेर गएका छन् । यी मुद्दाहरू जनस्तरबाटै उठान गर्न जरुरी बनेको छ । यी मुद्दाहरूमा जनसहभागिताको पनि त्यतिकै आवश्यकता खड्किएको छ । यी मुद्दाहरूलाई जनताको मुद्दा बनाउन र जनतालाई बोध गराउन मैले उम्मेदवारी दिएको हो ।

**तपाई आफ्नो उद्देश्यमा कत्तिको सफल हुनु हुँदैछ ?**

निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने नीति लिएसँगै हामी जनताको घर घरमा पुग्यौं । हामीले हाम्रा वैचारिक, राजनीतिक र समसामयिक विषयमा आफ्ना धारणाहरू राख्यौं । हामी, हाम्रो मोर्चा र यसले लिएका नीतिको बारेमा जनतालाई बुझाउने मौका पायौं । जनतामा रहेको तथा पारिएको भ्रम चिर्न सफल भएका छौं । यस भेगका उत्पीडित आदिवासी जनजाति, उत्पीडत वर्ग, अल्पसंख्यक तथा सिमान्तकृत समुदाय हामीप्रति बढी आशावादी देखिएका छन् । निराशाका बादलहरू विस्तारै हटेर गएका छन् । आशा र उत्साहको बातावरण बनेर गएको छ ।

**अन्य एजेण्डाहरू चाहिं के कस्ता छन् तपाईका चुनाव जित्ने ?**

स्थानीय निकाय कसरी चलाउनु पर्छ भन्ने मलाई राम्रो अनुभव छ । वाग्लुङको राङखानी गाविस अध्यक्ष भएर दशवर्षसम्म जनताको सेवा गरेको अनुभव छ मसँग । संसदवादी दलका स्थानीय नेतृत्व भ्रष्टाचारको आहालमा चुर्लुम्म डुबेको छ । उनीहरू चुनावमा करडौं खर्च गर्छन् र पछि स्थानीय निकायमा रहेको बजेटमाथि ब्रम्हलुट मच्चाउँछन् । संसदीय चुनावको यो परम्पराजस्तै बनेको छ । साँच्चै स्थानीय तहको सर्वाङ्गीण विकास गराउने हो भने अनुभवी, इमान्दार र त्यागी नेतृत्वलाई जनताले छान्नुपर्दछ । मलाई आशा एवम् विश्वास छ, जनताले छान्ने नेतृत्वमध्ये पहिलो रोजाइमा म पर्नेछु । र, जनताले मेरो चुनाव चिन्ह क्यामेरामा मतदान गरेर आफ्नो मतको सदुपयोग गर्नेछन् ।

अरुले जस्तो झुठो आश्वासन दिन म चाहन्न । मैले जिते भने मैले यो पोखरा लेखनाथ महानगरलाई विश्वमा नै चिनाउने गरी यसका सबै पक्ष र क्षेत्रको अत्याधुनिक विकासमा लागिपर्ने प्रतिबद्धता जाहेर गर्दै आएको छु ।

**आफ्नो राजनीतिक पृष्ठभूमिबारे संक्षिप्तमा बताइदिनुस् न ।**

हेर्नुस्, म इण्डियन आर्मीको जागिरे थिएँ । इण्डिया र पाकिस्तानका बीचमा लडाइँ हुँदा म पनि त्यस लडाइँमा थिएँ । त्यसैबेला मलाई मेरो देशको याद आयो । भाडाको सिपाही भएर अर्काको देशको लागि लड्नुभन्दा आफ्नै देशमा गएर खोले र रोटो खाएर भएपनि देशको सेवा गर्छु भन्ने प्रण गरेर आर्मीको जागिर छोडेर ०४० साल असारमा घर पर्के । र, पञ्चायती व्यवस्थाका विरुद्धको राजनीतिमा लागे । घर परिवार चलाउन धौ धौ थियो, त्यसबेला ७ सय ऋण थियो । भारी बोकेर त्यो ऋण तिरे ।

नेकपा मसालमा रहेर २० वर्षसम्म राजनीति गरैं । ०५१ सालदेखि ०५८ सम्म राङखानी गाविसको गाविस अध्यक्ष भएँ । अरुले भन्दा गाउँमा धेरै विकास गरैं । गाविस अध्यक्ष हुँदा पनि भारी बोकेर आफ्नो जीविको चलाएँ । तर इमान्दारितापूर्वक जनताको सेवा गरैं ।

अहिले म माओवादी आन्दोलनभित्रको क्रान्तिकारी धारामा छु । देशभक्त जनगणतान्त्रिक मोर्चाको व्यानरमा स्वतन्त्रबाट स्थानीय तहको निर्वाचनमाा उम्मेदवारी दिएको छु ।

| | | |
|---|---|---|
| काठमाडौं महानगरपालिका | गोर्कीप्रसाद श्रेष्ठ | मेयर |
| | सावित्रा खरेल | उपमेयर |
| ललितपुर महानगरपालिका | विजय खड्गी | मेयर |
| | इन्दिरा अधिकारी | उपमेयर |
| पोखरा लेखनाथ महानगरपालिका | भीमबहादुर श्रीस | मेयर |
| | कल्पना थापा | उपमेयर |
| भरतपुर महानगरपालिका | अम्बिका मुडभरी | मेयर |
| | बाबुराम प्यासी | उपमेयर |
| टोखा नगरपालिका | केशर प्रधान | मेयर |
| | रूपाकुमारी अधिकारी | उपमेयर |
| गोकर्णेश्वर नगरपालिका | ढोगप्रसाद अधिकारी | मेयर |
| कीर्तिपुर नगरपालिका | शारदा महत | मेयर |
| | रमेश महर्जन | उपमेयर |
| तारकेश्वर नगरपालिका | बद्री चापागाईं | मेयर |
| | रेखा सार्की | उपमेयर |
| राप्ती नगरपालिका | गायत्री पनेरु 'गोमा' | मेयर |
| रत्ननगर नगरपालिका | उत्तम सिम्खडा | मेयर |
| | विन्दा कार्की | उपमेयर |
| कमलामाई नगरपालिका | सुबास रायमाझी | मेयर |
| | सुनिता बुढाथोकी | उपमेयर |
| कागेश्वरी मनहरा नगरपालिका | दिनेश फुयाल | मेयर |
| चन्द्रागिरी नगरपालिका | विष्णुकुमार कार्की | मेयर |
| | अम्बिका पाण्डे | उपमेयर |
| महालक्ष्मी नगरपालिका | अर्जुनलाल श्रेष्ठ | मेयर |
| | वसन्तकुमार | उपमेयर |
| गोदावरी नगरपालिका | श्याम केसी | मेयर |
| कोन्ज्योसोङ गाउँपालिका | अरुण केसी | अध्यक्ष |
| भक्तपुर नगरपालिका | बिष्णुप्रसाद न्हिसुतू | मेयर |
| ब्यास नगरपालिका तनहुँ, | नेत्र रानाभाट | मेयर |
| बन्दीपुर गाउँपालिका | सुन्दरलाल श्रेष्ठ | अध्यक्ष |
| | गजेन्द्र भट्टराई | उपाध्यक्ष |
| राईनाथ नगरपालिका लमजुङ | सुरेश न्यौपाने | मेयर |
| हेटौंडा उपमहानगरपालिका | सत्तार अन्सारी (सद्दाम हुसेन) | मेयर |
| सूर्यगढी गाउँपालिका नुवाकोट | राजन लामिछाने | अध्यक्ष |
| ककनी गाउँपालिका | धनबहादुर लामा | अध्यक्ष |
| वीरेन्द्रनगर नगरपालिका सुर्खेत | खडानन्द लामिछाने | मेयर |
| पञ्चपुरी नगरपालिका | गणेशबहादुर शाही | मेयर |
| बराह ताल गाउँपालिका, सुर्खेत | श्याम कार्की | अध्यक्ष |
| गुर्वाकोट नगरपालिका | टेकबहादुर थापा | मेयर |

| | | |
|---|---|---|
| रामेछाप नगरपालिका | भक्तराज थापा 'अपील' | मेयर |
| सुनापति गाउँपालिका | फुर्लाम्गेल मोक्तान | अध्यक्ष |
| दोरम्बा गाउँपालिका | केशव ढलकोटी | अध्यक्ष |
| बनेपा नगरपालिका काभ्रे | जीवन मगराती | मेयर |
| | सौरभराज कायस्थ | उपमेयर |
| पनौती नगरपालिका | शम्भु के राउत | मेयर |
| पाँचखाल नगरपालिका | श्यामबहादुर विक | मेयर |
| मन्डनदेउपुर नगरपालिका | लेखप्रसाद घिमिरे | मेयर |
| नमोबुद्ध नगरपालिका काभ्रे | गुन्जमान तामाङ | मेयर |
| रोसी गाउँपालिका | ज्ञानदास पाखिन 'प्रतिक' | अध्यक्ष |
| | तुलबहादुर रानामगर | उपाध्यक्ष |
| महाभारत गाउँपालिका | संकल्प थिङ | अध्यक्ष |
| | तेलीमाया थिङ | उपाध्यक्ष |
| भुम्लो गाउँपालिका | होमराज माझी | अध्यक्ष |
| चौरीदेउराली गाउँपालिका | प्रेम तामाङ | अध्यक्ष |
| माडी नगरपालिका | सीपी सुवेदी | मेयर |
| | साबित्री पौडेल | उपमेयर |
| खैरेनी नगरपालिका चितवन | चुडामणि दर्जी | मेयर |
| अजिरकोट गाउँपालिका गोरखा | तेजबहादु गुरुङ | अध्यक्ष |
| सिरानचोक गाउँपालिका | छबी घले | अध्यक्ष |
| पालुङटार नगरपालिका गोरखा | रमेश रोका क्षेत्री | मेयर |
| भानु नगरपालिका तनहुँ | लक्ष्मी मल्ल | मेयर |
| शुक्लागण्डकी नगरपालिका | जित महत | मेयर |
| जैमुनी नगरपालिका बाग्लुङ | लालबहादुर छन्त्याल | उपमेयर |
| फिक्कल गाउँपालिका सिन्धुली | लोकबहादुर कार्की | उपाध्यक्ष |
| गोलान्जर गाउँपालिका | अर्जुनबहादुर थापा, | अध्यक्ष |
| | उमेश मगराती | उपाध्यक्ष |
| बलेफि गाउँपालिका सिन्धुपाल्चोक | खड्गबहादुर थापा | अध्यक्ष |
| कावासोती नगरपालिका, नवलपरासी | बाबुराम पोखरेल | मेयर |
| | गीता पाण्डे | उपमेयर |
| होक्से गाउँपालिका | पिताम्बर फालुमगर | अध्यक्ष |
| | सीताराम काफ्ले | उपाध्यक्ष |
| देवचुली नगरपालिका, नवलपरासी | युवराज वाग्ले | मेयर |
| गैंडाकोट नगरपालिका | कमल बहादुर कुँवर | मेयर |
| मध्यबिन्दु नगरपालिका | खड्गबहादुर बाह्रघरे मगर | मेयर |
| | श्यामबहादुर कुमाल, | उपमेयर |

| | | |
|---|---|---|
| ताराखोला गाउँपालिका बाग्लुङ | ऋषिराम रोका | अध्यक्ष |
| | सन्तु घर्ती | उपाध्यक्ष |
| दुल्लु नगरपालिका दैलेख | वीरेन्द्र सिंह | मेयर |
| | चन्द्रकला शाही | उपमेयर |
| चामुण्डा बिन्द्रसैनी नगरपालिका दैलेख | दीर्घबहादुर शाही | मेयर |
| | कमला चन्द शाही | उपमेयर |
| नारायण नगरपालिका दैलेख | रामबहादुर नेपाली | मेयर |
| भैरवी गाउँपालिका | ललित सुनार | अध्यक्ष |
| | प्रमिला विक | उपाध्यक्ष |
| बेस्तडा गाउँपालिका दैलेख | बालकुमारी खड्का | अध्यक्ष |
| आठबीस नगरपालिका दैलेख | शेरबहादुर शाही | मेयर |
| | हरि नेपाली | उपमेयर |
| ठाटीकाँध गाउँपालिका दैलेख | इन्द्र गौतम | अध्यक्ष |
| | कलम शाही | उपाध्यक्ष |

## कुन...

-नमोबुद्ध नगरपालिका मेयरमा गुञ्जमान तामाङ, वडा नं. ९ अध्यक्षमा ज्ञानबहादुर तामाङ, वडा नम्बर ७ को अध्यक्षमा गोपाल परियार

-तिमाल गाउँपालिकाको वडा नम्बर ३ को अध्यक्षमा लालमान तामाङ, वडा नम्बर ५ को अध्यक्षमा सूर्यमान मोक्तान

-रोशी गाउँपालिका अध्यक्षमा ज्ञानदास पाखिन 'प्रतिक' उपाध्यक्षमा तुलबहादुर रानामगर वडा नं.४ अध्यक्षमा तेजबहादुर रानामगर, सदस्यमा साइला तामाङ, भोरसबहादुर थापा मगर, महिला सदस्य गोपिमाया थापामगर, दलित महिला सदस्य कल्पना सेन्चुरी कामी, वडा नम्बर ९ को अध्यक्षमा देवकुमार लामा, वडा नम्बर ११ को अध्यक्ष नवराज रायामाझी, सदस्यमा दिपक रायामाझी,

-महाभारत गाउँपालिका प्रमुखमा संकल्प थिङ, उपप्रमुखमा तेलिमाया थिङ, वडा नम्बर ४ को अध्यक्षमा मानबहादुर योन्जन, सदस्य हिराबहादुर मगर, महिला सदस्य हरिमाया मगर, वडा नम्बर ५ को अध्यक्ष गणेशबहादुर थिङ, सदस्य बाबुलाल स्याङ्तान, सदस्य कर्ण थिङ, महिला सदस्य काइली पुलामी, वडा नम्बर ६ को अध्यक्ष गोपिलाल इस्माली, सदस्य रिजन थिङ, कर्णबहादुर मोक्तान, महिला सदस्य दिलमाया मोक्तान, वडा नम्बर ७ को अध्यक्ष बज्रबहादुर मोक्तान, सदस्य गजबहादुर मोक्तान, टेकबहादुर स्याङ्तान, महिला सदस्य ज्याबारानी थिङ,

-भुम्लो गाउँपालिका अध्यक्षमा होमराज माझी,

-चौरी देउराली गाउँपालिका अध्यक्षमा प्रेम तामाङ,

**रामेछाप**

-रामेछाप नगरपालिका-मेयरमा भक्तराज थापा 'अपिल',

-सुनापति गाउँपालिका अध्यक्षमा फुर्नाम्गेल मोक्तान, वडा नम्बर २ को अध्यक्षमा खड्गबहादुर मगर, महिला सदस्य पटनमाया मगर, ४ को अध्यक्षमा कर्ण सिंह, सदस्यमा गोपी तामाङ, वडा नं ५ अध्यक्षमा काजीबाबु खड्का, सदस्यहरूमा ५ मा शेरबहादुर तामाङ, लोकबहादुर दर्लामी, महिला सदस्य शान्ता स्माली,

गोरखा

-अजिरकोट गाउँपालिका प्रमुखमा तेज बहादुर गुरुङ,

-सिरान्चोक गाउँपालिका प्रमुखमा छविलाल घले,

-गण्डकी गाउँपालिका प्रमुखमा राम नेपाली,

-पालुङटार नगरपालिका प्रमुख (मेयर) मा रमेश रोक्का क्षेत्री,

**बाग्लुङ**

-जैमुनी नगरपालिका उपमेयरमा लालबहादुर छन्त्याल, वडा नम्बर २ को सदस्यमा टेकबहादुर पाण्डे थापा, महिला सदस्यमा माया सापकोटा, वडा नम्बर ३ को अध्यक्षमा तिलबहादुर छन्त्याल पुन, सदस्य चन्द्रबहादुर छन्त्याल, महिला सदस्यमा सीता छन्त्याल,

-ढोरपाटन नगरपालिका बाग्लुङको वडा नम्बर १ को सदस्य थमनबहादुर विक, महिला सदस्य कुमारी पुन, दलित महिला सदस्य सेमकुमारी विक, वडा नम्बर ३ को अध्यक्षमा हेमेन्द्र घर्तीमगर, दलित महिला सदस्य फुलमाया विक, दलित सदस्य टेकबहादुर विक, वडा नम्बर ४ को सदस्यमा गोकुलप्रसाद अर्गेजा, दलित महिला सदस्य बेगमला कामी, दलित सदस्य गणबहादुर कामी, महिला सदस्य केशरी घर्ती मगर,

-निसिखोला गाउँपालिका वडा नम्बर ३ को अध्यक्षमा प्रेमबहादुर बुढा,

**सुर्खेत**

-विरेन्द्रनगर नगरपालिकाको मेयरमा खडानन्द लामिछाने,

-पञ्चपुरी नगरपालिकाको मेयरमा गणेशबहादुर शाही,

-बराहताल गाउँपालिकाको अध्यक्षमा श्याम कार्की,

-गुर्वाकोट नगरपालिका टेकबहादुर थापा,

**रुकुम**

-चौरजहारी नगरपालिका वडा नम्बर १ को अध्यक्षमा बलबहादुर थापा, महिला सदस्य समीक्षा विक

**नवलपरासी**

-गैडाकोट नगरपालिका मेयर-कमल बहादुर कुँवर, वडा नं. १ अध्यक्ष शुशिल रानाभाट,

-देवसुरी नगरपालिका मेयर - युवराज वाग्ले,

-कावासोती नगरपालिका मेयर-बाबुराम पोखरेल, उपमेयर- गीता पाण्डे, वडा नं. ७ दलित महिला सदस्य इन्द्रकुमारी कामी, वडा नं. ८ अध्यक्ष निर्मला केसी, वडा नं. ९ सदस्य बुद्धिराज कुँवर, वडा नं. ११ अध्यक्ष शिवराज महतो,

-मध्यविन्दु नगरपालिका मेयर-खड्गबहादुर बाहृघरे मगर, उपमेयर श्यामबहादुर कुमाल, वडा नं. ६ अध्यक्ष होमबहादुर कुमाल,

-होक्सेकोट गाउँपालिका अध्यक्ष -पिताम्बर फालमगर, उपाध्यक्ष टिकाराम काफ्ले, वडा नं. ३ सदस्य ऋषिराम विक, वडा नं. ४ सदस्य यमबहादुर सोमई मगर,

**दोलखा**

-तामाकोशी गाउँपालिका-अध्यक्ष गोविन्द काफ्ले, वडा नं. ४ अध्यक्ष भगवान खड्का,

-सैलुङ्गेश्वर गाउँपालिका वडा अध्यक्षहरूमा सोमबहादुर तामाङ र बुद्ध तामाङ

-गौरीशंकर गाउँपालिका वडा अध्यक्ष सुन्दर खड्का ।

# रक्तिम, क्रान्तिकारी, अन्तर्राष्ट्रिय मे दिवस !



'अक्टोबर क्रान्तिको झण्डा अजेय छ ।' -माओ त्सेतुङ

यो वर्ष अक्टोबर क्रान्तिको शतवार्षिकी पर्छ । गत वर्ष महान् सर्वहारा सांस्कृतिक क्रान्तिको ५० औँ वार्षिकोत्सवका सन्दर्भमा गरेझैँ, साम्राज्यवादीहरू, सुधारवादीहरू र सबै प्रकारका अवसरवादीहरूले यस वर्ष पनि यसलाई खारेज, बेवास्ता, उपहास र उपेक्षा गर्ने प्रयास गर्नेछन् ।

यी कार्यक्रमहरूबाट सर्वहारा र आम उत्पीडित जनतामा सम्प्रेषित हुने सन्देश वर्तमानका लागि पनि उत्तिकै सान्दर्भिक भएकाले उनीहरूले यसो गर्छन् । सर्वहारा र उत्पीडित जनतालाई साम्राज्यवाद, पुँजीवाद, युद्ध, शोषणबाट मुक्त गराउन हामीले सर्वहारा क्रान्ति सम्पन्न गर्नैपर्ने हुन्छ ।

श्रमजीवी वर्गले शासक वर्गबाट सत्ता कब्जा गरेर जनताको सत्ता, जनताको राज्य, सर्वहाराको अधिनायकत्व स्थापना गरेर समाजवादको निर्माण गर्नुपर्ने हुन्छ स् साम्राज्यवादको साङ्लोबाट विश्वलाई मुक्त पार्न निश्चित रूपमा यसले हरेक मुलुकमा क्रान्तिको विकासलाई निरन्तरता दिँदै विश्वलाई साम्यवादतर्फ प्रवृत्त गराउँछ ।

लेनिनले आफ्नो महान् कृति 'साम्राज्यवाद पुँजीवादको उच्च चरण' मा भनेझैँ साम्राज्यवाद सडेगलेको र पतनशील व्यवस्था हो र यसले यस्तै व्यवहार प्रदर्शन गर्छ । साम्राज्यवाद र यसअन्तर्गतका सरकारहरू गम्भीर आर्थिक, राजनीतिक र सामाजिक सङ्कटको सीमा पार गर्ने स्थितिबाट गुज्रिरहेका छन् र उनीहरू यस सङकटको भार आन्तरिक तहमा आफ्नो मुलुकको सर्वहारा र आम उत्पीडित जनतामाथि लादिरहेका छन् भने बाह्य तहमा उत्पीडित राष्ट्रहरूमा लादिरहेका छन् ।

साम्राज्यवाद आर्थिक युद्ध हो, यो विश्वलाई नयाँ किसिमले विभाजन गर्ने र लुटपाट मच्चाउने व्यवस्था हो । साम्राज्यवाद भनेको प्रतिक्रियावादी फासिवादी व्यवस्था हो । साम्राज्यवाद पुँजीवादको अन्तिम चरण हो र हरेक दिन यसले देखाएको गतिविधिका कारण यसलाई छिटोभन्दा छिटो फ्याल्नु जरुरी भइसकेको छ ।

यसै अर्थमा लेनिन र अक्टोबर क्रान्तिले दिएको सन्देश सदाका लागि जीवन्त छ ।

साम्राज्यवादको सबैभन्दा बलियो गढ अमेरिकामा ट्रम्पको विजयले याङ्की साम्राज्यवादको सङ्कटलाई प्रतिबिम्बित गर्छ र यसबाट छुटकारा पाउन यसले भूराजनीतिक दृष्टिले रणनीतिक क्षेत्रहरूमाथि अधीन कायम गर्न सहभागीहरू बटुल्दै विभिन्न किसिमका नाट्यमञ्चन गरेर विश्वमा युद्ध लाद्ने गर्छ ।

ट्रम्पको विजयले तथाकथित 'अमेरिकी प्रजातन्त्र' को पाशविकतालाई प्रदर्शित गर्छ , फासिवादी खरबपति सत्तामा आउनु भनेको आन्तरिक रूपमा गरिब जनतामाथि र अन्तर्राष्ट्रिय रूपमा उत्पीडित जनता र राष्ट्रहरूमाथि युद्ध लादिनु हो ।

ट्रम्पको विजयले सबै साम्राज्यवादी मुलुकहरूमा प्रतिक्रियावाद र आधुनिक फासिवादलाई मलजल प्रदान गर्छ । यसले प्रहरीराज, सैन्यकरण अन्तहीन सङ्कटकाल निम्त्याउँछ, देशभित्रका सर्वहारा, महिला, मुस्लिम, अफ्रो(अमेरिकी जनता, आप्रवासीहरू, प्रगतिशील विचार राख्नेहरू, स्कुल विश्विद्यालय तथा आम सञ्चार र साहित्यकला सबै क्षेत्रमा यसले एक किसिमको युद्धमय वातावरण बनाउँछ ।

अमेरिकी साम्राज्यवादको यो नयाँ आक्रामक चरणले आणविक शक्तियुक्त रूसी साम्राज्यवाद, नयाँ सामाजिक(साम्रज्यवादी शक्ति चीन, वर्तमानमा जर्मनीको प्रभृत्वमा रहेका युरोपेली साम्राज्यवादीहरूसितको अन्तर(साम्राज्यवादी अन्तर्विरोधलाई पनि चर्काउने छ ।

बजारको बाँडफाँट र प्राकृतिक स्रोतसाधन कब्जा गर्नका लागि साम्राज्यवादी मुलुकहरूको विश्वव्यापी प्रतिस्पर्धाले प्रतिक्रियावादी युद्ध र आक्रमणलाई मलजल प्रदान गर्नेछ र यसले विश्वमा जनधनको विनाश, मृत्यु र आम हत्यामा वृद्धि गर्नेछ ।

विश्वका कुनाकुनामा भएका साम्राज्यवादी युद्ध र आक्रमणले आप्रवासीहरूको ठूलो सङ्ख्यामा वृद्धि नहोला र !

पाशविक साम्राज्यवादी युद्धहरू साम्राज्यवादीहरूको आफ्नै 'घरभित्र पसेर' साम्राज्यवादी केन्द्रकै सडक र गल्लीहरू रगतपच्छे नहोलान् र !

सबै साम्राज्यवादी मुलुकहरू र तिनका मालिक, राज्य सरकारहरूले सङ्कट, दमन(उत्पीडनका कारण सिर्जित विद्रोहसित लड्न साम्राज्यवादीहरूले आफ्नै देशभित्र सर्वहारा र आम उत्पीडित जनताका विरुद्ध युद्ध चर्काउने छन् ।

साम्राज्यवादद्वारा उत्पीडित मुलुकहरूमा सर्वहारा र उत्पीडित जनताले साम्राज्यवाद विरोधी राष्ट्रिय मुक्ति संघर्ष, खास गरेर प्यालेस्टिनी तथा अरबका जनताको साम्राज्यवादका विरुद्धको संघर्षका साथै जनयुद्धलाई तीव्र बनाउनेछन् । भारतदेखि फिलिपिन्ससम्म, टर्कीदेखि पेरूसम्म मार्क्सवादी(लेनिनवादी(माओवादी पार्टीहरूको नेतृत्वमा चलेको जनयुद्ध साम्राज्यवाद र प्रतिक्रियावादी सत्ताबाट मुक्त भएर नयाँ जनवादी सत्ता स्थापना गर्दै समाजवादको दिशामा कसरी अघि बढ्ने कुराको भरपर्दा आधारहरू हुन् ।

५०औँ वार्षिकोत्सवको स्थितिमा पुगेको ' नक्सलबाडी विद्रोह' ले दिशाबोध गरेको भारतमा चलिरहेको जनयुद्ध, आम जनहत्या, अप्रेसन ग्रिन हन्ट, माओवादीमाथि दमन, आदिबासी जनता, प्रजातान्त्रिक तथा क्रान्तिकारी बुद्धिजीवीहरू र विद्यार्थीहरू, मजदुर, किसान, महिला आन्दोलनका विरुद्ध, अल्पसङ्ख्यक जातिहरूका विरुद्ध भएका दमनका विरुद्ध निरन्तरतामा छ र यसले जनयुद्ध र जनताको मुक्तिको संघर्षलाई न त घरेलु शक्तिले रोक्न सक्छ, न त बाह्य शक्तिहरूको सहयोगले रोक्न सक्छ भनेर भनेर प्रस्ट पारेको छ ।

महान् लेनिनको नेतृत्वमा भएको अक्टोबर क्रान्तिले संशोधनवाद र अवसरवाद विरुद्ध नलडी हामीले साम्राज्यवाद र उसको सत्ताका विरुद्ध लड्न र विजय प्राप्त गर्न सक्तैनौँ भनेर प्रस्ट पार्यो ।

क्रान्तिका लागि विश्वको वस्तुगत परिस्थिति सकारात्मक छ, किनभने क्रान्ति अहिलेको विश्वको प्रधान प्रवृत्ति हो । सबै सामाजिक प्रजातन्त्रवादी शक्तिहरू र पूर्व 'कम्युनिस्ट' पार्टीहरू जब संशोधनवादी र सुधारवादी बन्छन्, तिनले जनताका माझ विश्वास गुमाउँछन् र तिनीहरू जनताको जीवन र जीवीकोपार्जनको रक्षा गर्ने तथा साम्राज्यवाद, युद्ध, फासिवाद र प्रहरीराजका विरुद्ध लड्ने कार्यमा बेकामे साबित हुन्छन् ।

यी तत्वहरूमा देखिएको सङ्कटका साथै प्रतिक्रियावादी 'पपुलिस्ट' प्रवृत्तिहरू र कट्टरतावादी प्रतिक्रियावादी आन्दोलनहरूलाई पनि हामीले देखिरहेका छौँ, जसले जनतालाई साम्राज्यवादको यो अथवा त्यो कित्तामा राखेर डोर्याउन खोजिरहेका छन् । यस किसिमको प्रवृत्तिले अन्ततः साम्राज्यवादको सबैभन्दा प्रतिक्रियावादी बुर्जुवा सत्ताको सेवामा पुर्याउनु स्वाभाविक छ ।

उनीहरूलाई निशस्त्र पार्ने उद्देश्यका साथ आएको संशदीय र शान्तिपूर्ण बाटाहरूसित सम्बद्ध सबै भ्रमहरूलाई सर्वहारा र उत्पीडित जनसमुदायले दृढताका साथ खारेज गर्नुपर्छ र साहशका साथ क्रान्तिकारी बाटो अबलम्बन गर्नुपर्छ ।

जनयुद्ध क्रान्ति सम्पन्न गर्ने सबैभन्दा उच्च रूप हो, त्यसैले हामीले ती देशहरू, जहाँ पहिले नै जनयुद्ध आरम्भ भएको छ, त्यहाँ दृढताका साथ समर्थन गर्ने र खास देशको विशिष्टता अनुसार अन्य मुलुकहरूमा त्यसको तयारी गर्ने कुरामा जोड दिनुपर्छ ।

यसका लागि एउटा सच्चा क्रान्तिकारी कम्युनिस्ट पार्टीको आवश्यकता पर्छ, जुनचाहिँ सम्पूर्ण उत्पीडित जनताको केन्द्रबिन्दु र श्रमजीवी वर्गको अग्रगामी दस्ता हुनेछ ।

मार्क्सवाद-लेनिनवाद-माओवादको क्रान्तिकारी विज्ञानमा आधारित भएर आम जनतासित घनिष्ठ रूपमा गाँसिएका र वर्गसंघर्षको भट्टीबाट निर्मित पार्टीहरूले नै आफ्नो देशको विशिष्टता अनुसार जनयुद्धको आरम्भ र विकासको अगुवाइ गर्न सके । कम्युनिस्ट पार्टीले अवश्य पनि उत्पीडित जनसमुदाय, साम्राज्यवादको उत्पीडनमा परेका सबै तह र तप्काको संयुक्त मोर्चाको निर्माण गर्नुपर्छ र राजनीतिक तथा सैन्य शक्तिका आधारमा आवश्यक कार्यनीतिको विकास गर्नुपर्छ ।

साम्राज्यवादी मुलुकहरूमा कम्युनिस्ट पार्टीहरूले आप्रवासीहरूमाथि भएको शोषण, दासत्व र रङ्गभेदको विरुद्ध लड्ने क्रममा अग्रदस्ताको भूमिका खेल्दै पार्टीको नेतृत्वका विभिन्न तहमा आप्रवासी सर्वहारालाई एकीकृत गर्नुपर्छ ।

निश्चित रूपमा कम्युनिस्ट पार्टीले युवाहरूलाई पार्टीमा एकत्रित गरेर सङ्गठित गर्नुपर्छ र महिला आन्दोलनलाई क्रान्तिको महत्त्वपूर्ण शक्तिका रूपमा लिनुपर्छ ।

उनीहरूले साम्राज्यवादद्वारा आक्रमण गरिएका मुलुकका जनताको पक्षमा उभिएर सर्वहारा र उत्पीडित जनताको प्रमुख दुस्मन आफ्नै साम्राज्यवादी मुलुकका विरुद्ध लड्नुपर्छ । निश्चय पनि आज खास गरेर सिरियामाथिको साम्राज्यवादी आक्रमण र उत्तरकोरिया विरुद्धको आणविक विनाशको धम्कीका विरुद्ध हामीले लड्नुपर्छ ।

साम्राज्यवादी युद्ध र बुर्जुवा अधिनायकत्वद्वारा उत्पन्न स्थितिले कम्युनिस्ट पार्टीले आफूलाई सशस्त्र पारेर जनयुद्धद्वारा साम्राज्यवादका विरुद्ध प्रतिरोध गर्न लाल सेनाको एउटा लडाकु दस्ताको निर्माण गर्नुपर्ने आवश्यकतालाई औँल्याउँछ ।

प्रतिक्रियावादी सत्ताद्वारा गरिएको आम जनहत्यालगायत जनयुद्धले कहिलेकाहिँ शान्तिसम्झौताको नाममा गरिने चाललाई पनि सही किसिमले बुझ्नुपर्ने हुन्छ, जसको उद्देश्य जनयुद्धको विकास र सुदृढीकरणलाई रोक्नु हुन्छ, यसको उद्देश्य अन्ततः दिशाभ्रम गराउनु, पार्टीमा विभाजन ल्याउनु र अन्ततः क्रान्तिलाई आत्मसमर्पणमा टुंग्याउनु हुन्छ ।

अन्तर्राष्ट्रियतावाद साझा दुस्मनका विरुद्ध विश्वका सर्वहारा र उत्पीडित जनताबीचको एकता हो ।

अन्तर्राष्ट्रियतावाद भनेको ' आफ्नो देशको क्रान्तिकारी आन्दोलन र क्रान्तिकार संघर्षको विकासमा लागि हुदयदेखि नै लाग्नु र बिना हिचकिचाहट कुनै पनि मुलुकको संघर्षलाई (प्रचार, समर्थन र भौतिक सहयोग) सहयोग गर्नु हो ।' लेनिन

अन्तर्राष्ट्रियतावाद एउटा नयाँ अन्तर्राष्ट्रिय सङ्गठनको निर्माण हो, र यो, कम्युनिस्ट क्रान्तिकारीहरूले वर्तमानमा ब्यहोर्नु परेका समस्याहरूलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन, नयाँ कम्युनिस्ट अन्तर्राष्ट्रियको आम दिशातर्फ अघि बढ्न सक्षम हुनेछ ।

महान् अक्टोबर क्रान्तिको शतवार्षिकी जिन्दावाद !
साम्राज्यवादको अन्त्य निश्चित छ !
विश्वव्यापी रूपमा दीर्घकालीन जनयुद्धको दिशामा अघि बढौं !
विश्वका उत्पीडित जनता तथा सर्वहाराको संघर्ष जिन्दावाद !
सर्वहारावादी अन्तर्राष्ट्रियतावाद जिन्दावाद !
रक्तिम समाजवादी भविष्यका लागि साम्यवादको दिशामा अघि बढौँ !

**हस्ताक्षरकर्ता पार्टी ⁄ संगठनहरू**

१. कलेक्टिभ अफ इरानियन माओइस्ट्स
२. कमिटी ब्युल्डिङ दि माओइस्ट कम्युनिस्ट पार्टी गालिसिया, स्पेनिस स्टेट
३. कमिटिज फर दि फाउन्डिङ अफ दि (माओइस्ट) कम्युनिस्ट पार्टी, अस्ट्रिया
४ कम्युनिस्ट पार्टी अफ इन्डिया (माओइस्ट)
५. कम्युनिस्ट न्युक्लिअस, नेपाल
६. कम्युनिस्ट (माओइस्ट) पार्टी अफ अफगानिस्तान
७. कम्युनिस्ट मुभमेन्ट अफ सर्बिया
८. कम्युनिस्ट पार्टी अफ ब्राजिल रेड फ्याक्सन–सिपिबी (आरएफ)
९. डेमोक्रेसी एन्ड क्लास स्ट्रगल, ब्रिटिस स्टेट
१०. माओइस्ट कम्युनिस्ट मुभमेन्ट, ट्युनिसिया
११. माओइस्ट कम्युनिस्ट पार्टी, फ्रान्स
१२. माओइस्ट कम्युनिस्ट पार्टी, इटाली
१३. माओइस्ट कम्युनिस्ट पार्टी, मणिपुर
१४. माओइस्ट रिभोल्युस्नरी लिग, श्री लङ्का
१५. वर्कर्स भ्वाइस, मलेसिया
१६. क्लासेनस्टान्ड पंकट, क्लास पोजिसन, जर्मनी
१७. युनियन ओबेरा कम्युनिस्टा (एमयलएम)( कोलम्बिया
१८. रिभोलुस्नरी प्राक्सिस-ग्रेट ब्रिटेन
१९. रिभोलुस्नरी कम्युनिस्ट पार्टी (क्युबेक डिस्ट्रिक्ट)
२० अर्गनाइजेसन डि ट्रावेल कम्युनिस्टे- ट्युनिसे
२१. पार्टी डेस खाडेसाइन(ट्युनिसे
२२. नेपाल कम्युनिस्ट पार्टी ( क्रान्तिकारी माओवादी)
२३. रिभोल्युस्नरी कम्युनिस्ट पार्टी (पिसिआर-आर सिपी, क्यानडा)

*(विश्वभरिका माओवादी पार्टी, सङ्गठन तथा मञ्चहरूले मे दिवस २०१७ को सन्दर्भमा संयुक्त घोषणपत्र जारी गरेका छन् । २३ वटा माओवादी पार्टी तथा सङ्गठनहरूको हस्ताक्षरमा सार्वजनिक गरेको घोषणा पत्रको यो नेपाली अनुवाद जनमेल डटकमबाट लिइएको हो ।)*

## सामाजिक सञ्जाल



मलाई लाग्छ कि एक पटक हामी सबैले आफ्नो क्षेत्रलाई हेर्ने हो भने वास्तविकता आफैं बाहिर आउँछ । घटनामा दुवैतर्फबाट मर्ने आफ्नै देशबासी हुन्....भारतीय हुन् । त्यसकारण कोही पनि मरे भने हामी सबैलाई पीडा हुन्छ । तर पुँजीवादी व्यवस्थालाई आदिवासी क्षेत्रमा जबरजस्ती लागु गराउन, उनीहरूलाई जल, जंगल र जमिनबाट निकाल्नका लागि गाउँ गाउँ जलाइदिनु, आदिवासी महिलामाथि बलात्कार गर्नु, आदिवासी महिलालाई नक्सली हुन् या हैनन् भन्ने प्रमाण दिनका लागि उनीहरूको स्तन निचोरेर दूध निकालेर देखाइन्छ । टाइगर प्रोजेक्टका नाममा आदिवासीलाई जल, जंगल र जमीनबाट हटाउने रणनीति बन्दछ, जबकी संविधानका अनुसार पाँचौं अनुसूचीले सैनिक सरकारलाई आदिवासीको जल, जंगल र जमील हड्प्ने कुनै अधिकार छैन...आखिर यो सबै किन भइरहेको छ.....नक्सलवाद अन्त्य गर्न जस्तो त लाग्दैन । सारा प्राकृतिक खनिज संशाधन यिनै जंगलमा छ । यो उद्योपपति र पूजीपतिलाई बेच्नका लागि खाली गराउनुछ । आदिवासीले जल, जंगल, जमीन खाली गराउँदैनन् किनकी यो उनीहरूको मातृभूमि हो । उनीहरू देशमा नक्सलवादको अन्त्य चाहन्छन् तर जुन प्रकारले देशका रक्षकले नै उनीहरूका छोरीबुहारीको इज्जत लुटिरहेका छन्, घर जलाइरहेका छन्, फर्जी मुद्दामा कालकोठरीमा पठाइरहेका छन् । उनीहरू न्याय पाउनका लागि कहाँ जाउन त । यो सबै म भनिरहेकी छैन, सीबीआईको रिपोर्ट भन्छ, सर्वोच्च अदालत भन्छ र धरातलीय यथार्थ पनि यसै भनिरहेको छ । जो पनि आदिवासीका समस्या समाधान गर्ने कोशिस गर्दछ, चाहे त्यो मानवअधिकारवादी कार्यकर्ता होस्, चाहे पत्रकार, उनीहरूलाई फर्जी नक्सली मुद्दामा जेलमा जेल हाल्ने गरिन्छ । यदि आदिवासी क्षेत्रमा सबै ठीक छ भने सरकार किन यति धेरै डराइरहेको छ । यस्तो के कारण छ, त्यहाँ कसैलाई सत्यता जान्नका लागि जान दिइरहेको छैन । मैले स्वयम बस्तरमा १४ देखि १६ वर्षका आदिवासी बच्चीहरूलाई देखेकी थिए, जसलाई प्रहरी चौकीमा महिला प्रहरीलाई समेमत बाहिर राखेर नग्न बनाई प्रताडित गरिएको थियो । उनीहरूको दुवै हातमा र स्तनमा करेन्ट लगाइएको थियो, त्यसको चिन्ह मैले स्वयम देखेकी छु । यी सानासाना आदिवासी बच्चीहरूलाई किन थर्ड डिग्री टर्चर दिइएको होला भने म भित्रैदेखि कामेकी थिएँ । मैले डाक्टरहरूलाई उचित उपचार गर्न आग्रह गरेकी थिए । राज्यमा पाँचौं अनुसूची लागु हुनु पर्दछ । आदिवासीको विकास आदिवासीको हिसाबले नै हुनुपर्दछ । उनीहरूमाथि जबरजस्ती विकास नथोपरियोस् । आदिवासी प्रकृतिका संरक्षक हुन, हामी सबै प्रकृतिको संरक्षक बन्न आवश्यक छ, संहारक होइन । पुँजीपतिका दलालको दोहोरो नीतिलाई सम्झौं...किसान जवान सबै दाजुभाई हौं । अतः एक अर्कोलाई मारेर न शान्ति स्थापना हुन्छ न विकास नै हुन्छ । संविधानमा न्याय सबैका लागि छ, सबैका लागि होस् । अझैपनि समय छ, सत्यलाई आत्मासात गरौं, अन्यथा चेसको गोटीजस्तो प्रयोग गरेर पुँजीवादीका दलालहरूले यो देशमा मानवीयता अन्त्य गरिरहेका छन् । हामी न अन्याय गर्छौं, न सहन्छौं । जय संविधान, जय भारत । – ***बर्षा डोंगरे***



#माओ जस्ले कोरियाली भूमिमा सहिद भएका छोराको लास चीन ल्याउने बुहारीको आग्रहलाई यस कारण अस्वीकार गरे, कोरियामा सहिद भएका सबै चिनिया योद्धाको शरीरको मूल्य उत्तिकै थियो र सबैको लास ल्याउन असम्भव थियो । जुन शोकमा बुहारी र माओ थिए, त्यस्तै शोकमा सहिद भएका सबै योद्धाका परिवार र आफन्त पनि थिए ।

#स्टालिन जस्ले युद्धमा लड्ने क्रममा दुश्मनको कब्जामा परेका आफ्ना सिपाही छोरालाई बचाउन आफ्नो नियन्त्रणमा रहेको दुश्मनको सैनिक अधिकृतसँग साट्ने प्रस्ताव यसकारण अस्वीकार गरे, उनको छोरा एक सिपाही थिए र त्यस्को बदलामा दुश्मनको सैनिक अधिकृत फर्काउनु पर्थ्यो । आफ्नो सिपाहीको लागि विरोधीको सैनिक अधिकृत फर्काउने कुरा गलत हुन्थ्यो ।

#प्रचण्ड जो माओको नामको पार्टी चलाउँछन् र आफ्नो छोरी मेयर बनाउन धेरै योग्य नेता र कार्यकर्ताको बली चढाउँछन् । आफ्ना इमानदार नेता र कार्यकर्तालाई बर्गबैरीको मतदाता बनाउँछन् । अनि आफ्ना सन्तानलाई दुष्कर्मको लागि पनि पुरस्कृत गर्छन् ।

के तथ्य यही होइन ?– ***सुरेश गौतम***




एमाले कांग्रेसलाई कुन आधारमा भोट ? झोले कार्यकर्ता भएर देश अझै डुबेको हर्ने कि राष्ट्रवादीहरूलाई सघाउने ?

धमिजा काण्ड,लाउडा प्रकरण, चाइना साउथ चेज एयर नेपाल वायु सेवा निगम, माथिल्लो तामाकोसी, कृषि मल,लेवीको चीनि वन फडानी डाफर काण्ड,जनक शिक्षा सामाग्री केन्द्रको किताब मेलम्ची खाने पानी पशुपति पेट्रोलियम पदार्थ आदी सार्वजनिक भएका कुख्यात भ्रष्टाचार हुन।

गण्डक सम्झौता कोशी सम्झौता महाकाली सम्झौता लक्ष्मणपुर बाध अपर कर्णाली अरुण तेस्रो लिपुलेक यसैगरी कालापानी सुस्ता अतिक्रमण दशगजा लगायत ६१ भन्दा बढी ठाँउहरूमा भारतीय पक्षबाट भएका अतिक्रमणमा कांग्रेस एमालेहरू टुलुटुलु हेर्दै भारतीय पक्षबाट खर्बौ रूपैया खाएर नेपाली भुभाग भारतको भन्दै हस्ताक्षर गरेका कयौं उदाहरणहरू छन् । यसले के पुष्टि गर्छ भने नेपालमा कांग्रेस एमाले सरकारमा गए पछि कुनै न कुनै राष्ट्रघात भएकै हुन्छ। त्यसैले यस्ता जघन्य अपराधका विरुद्ध सारा नेपाली एक जुट हौं । – ***विश्व प्रकाश चौलागाईं***

# उत्तर कोरियामा समाजवादले गरेको विकास

❑ हस्तबहादुर केसी



**क्रान्तिकारी कम्युनिस्टहरूले उत्तर कोरियाबाट विशेष गरि के कुराहरू शिक्षाको रूपमा ग्रहण गरेर सिक्न सकिन्छ**

जनवादी गणतन्त्र कोरिया सरकारको निमन्त्रणा र नेपाल जनवादी कोरिया लेखक/पत्रकार मञ्च (NEPAL-DPRK WJF) को पहलकदमी र निर्णय बमोजिम म लगायत ६ जनाको टोली २०७३ चैत्र २७ (९ अप्रिल २०१७) गते चीन हुँदै उत्तर कोरिया भ्रमणका लागि प्रस्थान गऱ्यौं । हाम्रो टोलीको नेतृत्व नेपाल-जनवादी कोरिया लेखक/पत्रकार मञ्च (NEPAL-DPRK WJF) का अध्यक्ष अशोक सुवेदीले गर्नु भएको थियो ।

हाम्रो टोली बाहेक मानिक लामाले नेतृत्व गरेको टोलीसँग दुइजना, शंकर भारतीले नेतृत्वको गरेको टोलीसँग तीन जना र पुराना पत्रकार मञ्जुरत्न शाक्यले नेतृत्व गरेको टोलीसँग चारजना गरि जम्मा १५ जनाको नेपाली टोली कोरिया भ्रमणका लागि चीन हुदै उत्तर कोरिया पुगेको थियो ।

अशोक सुवेदीले नेतृत्व गरेको हाम्रो उत्तर कोरियाली भ्रमण टोली २०७३ चैत्र २७ गते ब्ष्च ऋजस्लब को विमानद्वारा काठमाडौंबाट तिब्बतको ल्हासा हुँदै साझ चीनको सिचुआन प्रान्तको राजधानी Chengdu पुगेका थियौं । त्यस दिन त्यहाँ बास बसेर भोलिपल्ट २०७३ चैत्र २८ गते Air China कै विमानद्वारा दिउँसो १२ बजे चीनको सबैभन्दा ठूलो औद्योगिक सहर सांघाई पुग्यौं । त्यस दिन सांघाईको अवलोकन भ्रमण गरेर २०७३ चैत्र २९ गते १२ बजे रेल मार्ग भएर चीनको राजधानी वेइजिङका लागि यात्रा शुरु गऱ्यौं । २२ घण्टाको यात्रा पश्चात २०७३ चैत्र ३० गते बेइजिङ पुगियो । बीचबाटोमा पर्ने चीनको पुरानो राजधानी नानचिङको सामान्य अवलोकन गर्ने मौका पनि मिल्यो ।

२०७३ चैत्र ३१ गते चीनको बेइजिङबाट ब्ष्च प्यचभय को विमानद्वारा उत्तर कोरियाको राजधानी प्योङ्याङका लागि उडान भऱ्यौं । स्थानीय समयानुसार साँझको ९ बजे प्योङ्याङस्थित प्यचभय ब्ष्चउयचत मा ओर्लियौं । बेइजिङबाट जनवादी गणतन्त्र कोरिया सरकारको संगठन KASS (कास) कोरियाली समाज वैज्ञानिक संगठनले १४ अप्रिल २०१७ देखि १९ अप्रिल सम्म प्योङ्याङमा आयोजना गर्ने साम्राज्यवाद विरोधी तथा समाजवादी समर्थक लेखक/पत्रकार (Writer and Journalist) हरूको अन्तरराष्ट्रिय सेमिनारमा भाग लिन जानका लागि विश्वभरका विभिन्न साहित्यिक प्रतिष्ठान र संघसंगठनका प्रतिनिधि एउटै विमानबाट प्योङ्याङ पुगेका थियौं ।

प्योङ्याङस्थित Koreo अन्तर र्राष्ट्रिय विमानस्थलमा आयोजक संस्था प्ब्क्क (Korean Association of Social Scientists Pyongyang) का प्रतिनिधिहरू हामीलाई लिन आउनु भएको रहेछ । Airport बाट बाहिरिने वित्तिकै कासका प्रतिनिधिहरूले हामी सबैलाई प्योङ्याङस्थित एथयलनथबलन प्यचभय होटेलमा लगेर राखे । त्यो ५ तारे होटेल हो । त्यस होटेलमा शुरुदेखि अन्त्यसम्म विश्वभरबाट त्यहाँ जम्मा भएका सम्पूर्ण लेखक/पत्रकारहरूलाई खान बस्नको व्यवस्था मिलाइएको थियो ।

१४ अप्रिल २०१७ (१ वैशाख २०७३) का दिन KASS बिहान ९ बजे सेमिनारको उद्घाटन कार्यक्रम आयोजना गऱ्यो । उद्घाटन कार्यक्रम भव्य र शानदार रह्यो । त्यस सेमिनारमा कोरियाली वर्कर्स पार्टीद्वारा Worker's Party of Korea that Makes Selfless Devoted Efforts for the Good of the People" विषयक कार्यक्रम प्रस्तुत गरियो भने प्ब्क्क ले "Victory of Democratic People's Republic of Korea is A Science" विषयक कार्यपत्र प्रस्तुत गरियो । त्यस सेमिनारमा नेपाल, चीन, बंगलादेश, बेलायत, फ्रान्स, रुस, फिनल्याण्ड, बेल्जियम, घाना, गिनी लगायतका देशका तर्फबाट पनि आ-आफ्ना कार्यपत्रहरू प्रस्तुत गरियो । सबै कार्यक्रमहरू प्रति व्यापक छलफल र अर्न्तक्रिया पश्चात एक मतले पारित गरियो । सेमिनार अत्यन्तै उत्साहजनक, प्रेरणादायक र भव्यताका साथ सम्पन्न भयो ।

त्यस सेमिनारमा विश्वभरका ४६ देशका करीब एक सय ५० जना विभिन्न साहित्यिक प्रतिष्ठान र संघ-संस्थाको प्रतिनिधित्व गर्दै सहभागी भएका थिए । कोरिया सरकार केही वर्ष पहिले देखि नै भाइचारा पार्टीहरूसँगको आवतजावत र विचार आदान प्रदान गर्ने कार्यलाई स्थगित गरिएको रहेछ ।

लेखक/पत्रकारहरूको त्यस अन्तराष्ट्रिय सेमिनारमा प्रमुख अतिथिका रूपमा ध्यचपभचुक एबचतथ या प्यचभब का उपाध्यक्ष (Vice-Chairman of the Central Committee of the WPK) कमरेड किम कि नाम (Kim Ki Nam) हुनुहुन्थ्यो ।

१५ अप्रिल २०१७ (२ वैशाख २०७४) जनवादी गणतन्त्र कोरियाका संस्थापक नेता कमरेड किल इल सुङको १०५ औं जन्मदिवस परेको थियो । त्यस दिन कोरिया सरकारले आफ्ना संस्थागत नेत सुङको १०५औं जन्मजयन्ती बढो भव्य र उल्लासमय ढंगले प्योङ्याङमा मनायो । हामी लेखक/पत्रकारहरूलाई त्यस दिन बिहान सात बजे नै जनमुक्ति सेना र जनता समेत गरि एक लाख भन्दा बढिको उपस्थिति रहेको उक्त जन्मजयन्ती समारोह स्थलमा पुऱ्याइएको थियो ।

उक्त समारोहमा जनमुक्ति सेनाले ब्यान्डबाजा सहिज पीटी प्रदर्शन गरेको थियो भने हजारौं जनताले हातमा फूल लिएर नाचसहित प्रवेश गरिरहेका थिए । हामीलाई उत्तरतिरको प्याराफिडमा बसालिएको थियो । त्यसको ठीक माथि कोरियाली नेता किम जोङ उन बस्नु भएको थियो ।

कार्यक्रम अवधिभर जनमुक्तिसेनाले ब्यान्डबाजा बजाइ रह्यो र कास पनि गरि रहयो । त्यो भव्य समारोहको दक्षिणतिरबाट बाहिरबाट हजारौं जनसमुदाय हातमा फूल समातेर नाच्दै गाउदै भित्र पस्ने र पूर्वतीरबाट हजारौं जनमुक्ति सेना अत्याधुनिक हतियार सहित मार्च पास गर्दै पश्चिमतिर बाहिरिने व्यवस्था मिलाइएको थियो । अन्तिममा जनमुक्ति सेना अहिलेसम्म निर्माण गरिएका हातहतियार र मिसाइलहरू टिप्पर र ट्यांक बोकेर विश्वलाई नै चकित पार्ने गरि प्रदर्शन गरेर बाहिरिने गरेको थियो ।

कार्यक्रम अवधिभर आकासमा फाइटर विमानहरू उडाइएको थियो । कार्यक्रम विश्वभर सञ्चार माध्यमहरूलाई बोलाइएको थियो र ठूलो संख्यामा पश्चिमी मुलुकका पत्रकारहरू त्यहाँ पुगेका थिए । सीसीटिभी लगायत अत्याधुनिक क्यामराहरूले सम्पूर्ण कार्यक्रम फोटो खिच्ने काम गरिएको थियो ।

साँझ ७ बजेदेखि ९ बजेसम्म त्यही मैदानमा भव्य सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो । एकलाख भन्दा बढि जनता उक्त कार्यक्रममा नाचगान सहित सहभागी थिए ।

त्यसपछिका बाँकी दिनहरूमा हामी सम्पूर्ण लेखक/पत्रकारहरूलाई पहिलो दिन कमरेड किम इल सुङको जन्मघर :बलनथयलनमबभ मा पुऱ्याएर कमरेड किमको घर (जो एउटा म्यूजियमको रूपमा खडा गरिएको रहेछ) त्यसको समग्र पक्षको अवलोकन गराएको थियो । त्यस घर अगाडि कोरियन मित्रहरूसहित सामुहिक फोटो पनि खिचाइयो । त्यस क्षेत्रलाई पर्यटकीय क्षेत्रका रूपमा पनि विकास गरिएको बढो रमणीय स्थल रहेछ, जस्को पूर्वपट्टीबाट विशाल Te Dung River बगिरहेको छ ।

त्यसपछि बाँकी दिनहरूमा War Muguam, Kim Ill Sung Memorial Building, Central Party School Building of Korea, सांस्कृतिक हाउस, खेलकुद कमर्ट हल, Science and Technology Building आदि अत्यन्त वैज्ञानिक ढंगले निर्माण गरिएका ती स्थल र भवनहरूको अवलोकन गराइयो र किम इल सुङको पार्थिव शरीर राखेको ऐतिहासिक स्थलको अवलोकन गराइयो । क्अष्भलअभ बलम त्भअजलययिनथ द्यगषमिष्लन एकै समयमा करीब पाँच हजार वैज्ञानिकहरू एकैसाथ कम्प्युटरमा बसेर काम गर्ने मिल्ने हलको व्यवस्था गरिएको छ; जुन भवनमा कोरिया सरकारले निर्माण गरेका मिसाइलहरूको नमूना प्रदर्शनका लागि राखिएको छ ती सबैको अवलोकन गराइयो ।

हामीलाई एक सय मिटर भन्दा तल जमिनमुनी रहेको मेट्रो रेल यात्राको अवलोकन समेत गराइयो । साथै बाल शिक्षण अस्पताल आदि भौतिक संरचनाहरूको सुव्यवस्थित र योजनाबद्ध ढंगले अध्ययन अवलोकन गराइएको थियो ।

त्यहाँबाट घरहरू, सडक र अन्य भौतिक संरचनाहरू अत्यन्तै वैज्ञानिक ढंगले निर्माण गरिएको छ । सडकहरू अत्यन्तै ठूला र फराकिलो गरि निर्माण गरिएको छ ।

हामी मार्क्सवादीहरूले हरेक समाज व्यवस्थालाई मार्क्सवादका तीन संघटक अँग र ऐतिहासिक भौतिकवादी द्वन्द्ववादका आधारमा बुझ्ने, अध्ययन, अनुसन्धान गर्ने, त्यसको बारेमा व्याख्या र विश्लेषण तथा संश्लेषण गर्नु पर्ने हुन्छ । कोरियामा वर्कर्स पार्टीले संचालन गरिरहेको समाजवादी व्यवस्थालाई त्यही मार्क्सवादी पद्धतिका आधारमा बुझ्ने, अध्ययन गर्ने र व्याख्या विश्लेषण तथा संस्लेषण गर्नु पर्ने हुन्छ ।

कोरिया वर्कस पार्टीद्वारा कमरेड किम इल सुङको नेतृत्वमा सन १९४५ मा सामन्तवाद र जापानी साम्राज्यवादलाई पराजित गरेर समाजवादी व्यवस्थाको स्थापना गरिएको थियो । त्यसपछि उत्तर र दक्षिण गरि दुवै देशमा विभाजन हुन पुगेका थिए ।

सन् १९५० मा अमेरिकी साम्राज्यवादले कोरियामाथि आक्रमण गऱ्यो । कोरिया र अमेरिका बीचमा भीषण युद्ध चल्यो । करीब १५ लाख कोरियन जनता, जनमुक्ति सेना समेतको शाहदत भयो । सन् १९५३ मा अमेरिका पराजित भयो । त्यस पछि सन् १९५३ पानमान जुङ्कम सम्झौता भयो र उत्तर कोरियामा समाजवादी व्यवस्था कायमै राखियो । दक्षिणमा अमेरिकी साम्राज्यवादको प्रत्यक्ष उपस्थितिमा पुँजीवादी व्यवस्थाको स्थापना गरियो । अहिलेसम्म उत्तर कोरियाले एकीकरणको अभियान जारी राख्दै आएको छ । अमेरिकी साम्राज्यवाद यसको मुख्य बाधक शक्तिका रूपमा दक्षिणकोरियामा खडा छ । हजारौं अमेरिकी सेनाहरू दक्षिण कोरियामा तैनाथ गरिएको छ । उत्तरकोरियाले अमेरिकासँग फौजी रूपमा लड्न पछाडि नहट्ने भन्दै मिसाइलदेखि परमाणु बमसम्मको निर्माण गरिसकेको बुझिन्छ र कोरिया-अमेरिका तनाव पनि विश्वभर व्यापक चर्चामा छ यतिबेला पनि ।

उत्तरकोरियामा मजदूरहरूको नेतृत्व गर्ने कम्युनिष्ट पार्टीको नाम राखिएको छैन । कम्युनिष्ट पार्टीको काम गर्ने गरि शुरुदेखि त्यहाँ वर्कर्स पार्टी कोरिया भन्ने छ । त्यसकै निर्देशन र योजनामा किम इल सुङको नेतृत्वमा कोरियामा समाजवादको स्थापना गरियो र दुईवटा जापानी र अमेरिकी साम्राज्यवादलाई खरानी पारेर पठाइयो र राष्ट्रिय स्वाधिनतालाई अभेद्य किल्लाको रूपमा निर्माण गरिएको छ । अमेरिकी साम्राज्यवाद भिडन्तमा आए, हामी लड्न तयार छौं, भन्दै आम नागरिक तयार भएको पाइन्छ । कोरियामा राष्ट्रियताको भावना ज्यादै प्रखर रहेको छ ।

कोरियामा सर्वहारावर्गको अधिनायकत्व अन्तरगत समाजवादी व्यवस्था संचालनमा छ । सबैथोक र निर्णायक वर्कर्स पार्टी कोरिया मात्र हो भन्ने आम जनताको मनमस्तिष्कमा बलियो गरि घुसाइएको छ । सबैमा पार्टी पहिलो हो, त्यसपछि अरु चीज हो भन्ने रहेको छ ।

आम जनतालाई सैनिकीकरण गरिएको छ । पार्टी भित्र र राज्य भित्र कानून कडा छ । कार्यान्वयन पनि त्यतिकै कडाइका साथ लागु गरिदो रहेछ ।

वर्कर्स पार्टी कोरियाको केन्द्रीय समिति ३ सय सदस्य रहेको छ । ५० वर्षमाथिका पाका र अनुभव प्राप्त व्यक्तिलाई मात्र पार्टीको नेतृत्व तहमा राखिने व्यवस्था रहेछ । केन्द्रीय तह, क्षेत्रीय तह, काउन्टी (जिल्ला) तह र स्थानीय तह गरि चार तह पार्टी संचालनको विधि पद्धति कायम गरिएको रहेछ । राज्यमा यसै बमोजिमको व्यवस्था गरिएको रहेछ ।

जनताका लागि गाँस, बास र कपासको ग्यारेन्टी राज्यले गरेको छ । जनताका लागि शिक्षा, स्वास्थ्य, यातायात निःशुल्क रहेछ । जनसंख्या करीब ३ करोड छ । साक्षरता १००% रहेको छ ।

शहर र गाउँको विभेद अन्त्य गर्न तीब्रगतिका साथ सरकारले सहरीकरणको नीतिलाई कार्यान्वयनको तहमा अगाडि बढाएको पाइन्छ । सहरमा जनताका लागि ४०/५० तले गगनचुमी महल निर्माण गरिएको रहेछ र एक परिवारलाई एक फ्ल्याट निःशुल्क बस्ने व्यवस्था मिलाइएको रहेछ । गाउँमा देशभर वैज्ञानिक बसोबास नीति अनुसार एउटै रंग र साइजका तीन तले भवन निर्माण गरेर सरकारले आम किसानहरूलाई निःशुल्क रूपमा उपलब्ध गराउने व्यवस्था गरेको रहेछ । कोरियामा धान खेती मुख्य रहेछ । गहु, जौ, मकै र अन्य ठाउँ र सिजन अनुसारको खेती पाती हुँदोरहेछ । त्यहाँको मुख्य खाना भात रहेछ ।

नीजि सम्पत्ति छैन । बैंकहरू खोलिएको छैन । एक रूपैयाँ देखि पाँह हजारसम्मका नोटहरू काटिएको छ । तर प्रचलनमा छैनन ती नोटहरू । मजदूर, कर्मचारीलाई ८ घण्टा अनिवार्य श्रम गर्ने पर्ने व्यवस्था छ । त्यसमा श्रमको न्यूनतम ज्याला दिने व्यवस्था रहेछ । उनीहरूले सामान्य सीमा भित्र रहेर इच्छा लागेका खाने/लगाउने वा अन्य प्रयोजनका वस्तुहरू सुलभ मूल्यमा प्राप्त गर्ने व्यवस्था मिलाइएको रहेछ । किसानहरूलाई पनि उत्पादनबाट वस्तु विक्रीबाट आउने आयको सानो हिस्सा उपलब्ध गराउने व्यवस्था रहेछ । त्यसैबाट किसानहरूले पनि आफ्ना थप इच्छा, आकांक्षाहरू पूर्ति गर्ने व्यवस्था मिलाई दिएको रहेछ । व्यक्तिगत सम्पत्ति नभएपछि उच नीच र होचो, हेलो हुनुपर्ने हेपिनु पर्ने अवस्था जनताका बीचबाट निषेध गरिएको रहेछ । 'हामी सबै कोरियाली, कोरिया हामी सबैको' भन्ने भावनाको विकास गरिएको पाइयो ।


सामाजिक व्यवस्था शान्त, सुन्दर र समुन्नत रहेको देखिन्छ । 'समग्र कोरिया नै आम कोरियाली जनताको साझा फूलबारी' भन्ने धारणाको विकास गराइएको छ जनतालाई । जनताको सांस्कृतिक चेतना पनि धेरै उच्च रहेको देखिन्छ । समाजवादी संस्कृति नै त्यहाँको मुख्य संस्कृति हो । पुरुष-महिला दुवैले कालो सुट लगाउछन् । महिलाहरूले मिनी स्कट र हिल जुत्ता बढि लगाउछन् । राष्ट्रिय पोषाकको पनि त्यतिकै माया र कदर गर्दछन् कोरियन महिलाहरू ।

लवाई, खुवाई एउटै स्तरको भएकाले सबै समान देखिन्छन् । सहर बजारमा मात्र होइन रेल वे स्टेशनमा रेलबाट ओर्लने र चढने हजारौं जनताहरू एउटै समान पोषाक टाइसुटमा सजिएर हिडेको देखिन्छ । वर्कस पार्टी कोरिया र कोरियाली समाजवादले जनताको जीवन स्तर धेरै माथि पुऱ्याइदिएको पाइयो ।

## कविता

## बिलाशिताको साधन नबन

▸ पुष्पगोपाल श्रेष्ठ



*हिनताको भावनामा चुर्लुम्ब भएर*
*आँफुले आफैलाई विर्सी*
*दुर्वलतालाई अङ्गाली*
*को ही कसैको इसारामा*
*आँफुलाई किन सुम्पिन्छौ*
*चाहना अनुरूपको खेलौना वनि ।*
*नारी,*
*नारी तिमी पनि त मानिस हौ*
*कुनै सिसाको खेलौना होइनौ*
*होइन तिमी,*
*विज्ञापनको त्यो आधारशीला*
*नवनी देउ*
*सडेगलेको त्यो*
*संस्कार अनुरूपको जुत्ता*
*नवनी देउ तिमी*
*विलासीताको साधना*
*तिमी नारी हौ*
*नारी नै भएर*
*कसैको खुट्टामा होइन*
*आफ्नै खुट्टामा*
*दरो गरी उभिहेर*
*अनी,*
*पाईला चाल*
*दृढतालाई अङ्गाली*
*तव तिमीले देख्ने छौ*
*बाटो भरी*
*छरीएर बसेका*
*ती तिखा काँडाहरू*
*तिम्रो पाइला मुनी*
*मखमलको रूपमा लत्रनै पर्छ*
*लत्रेको हुन्छ ।*
*हो मलाई थाहा छ*
*अधिकार मागेर पाइन्न*
*पाइन्न समानता*
*समर्पणवादको त्यो*
*खोक्रो नारा भित्र,*
*समानता*
*अनी त्यो तिम्रो अधिकार त*
*हेर, जस्ले तिम्रै प्रतीक्षामा*
*अताली रहेका छन*
*संघर्षको मैदानमा*
*उत्र....... उत्र*
*ल दरोगरी पाइला चाल*
*अनी मुक्ती र स्वतन्त्रताको*
*विकुल फुक*
*०४५/०२/०६, बिहान*

## म हेटौंडा उपमहानगरपालिकावासीको पहिलो रोजाइमा पर्छु

● सतार अन्सारी, मेयरका उम्मेदवार, हेटौंडा उपमहानगरपालिका



माओवादी जनयुद्धकालदेखि नै राजनीतिमा सक्रिय रहँदै आएका सतार अन्सारी ०६२ सालबाट माओवादी आन्दोलनमा पूर्णरूपमा सक्रिय रहँदै आए। हेटौंडा उपमहानगरभित्रका मुस्लीम समुदाय र मधेसी समुदायबीचमा लोकप्रिय अनसारी पहाडीलगायत सबै समुदायमा त्यत्तिकै प्रिय रहँदै आएका छन् ।

०६६ सालमा भएको आन्दोलनमा घाइते भएका अनसारी मुस्लीम मुक्ति मोर्चाको केन्द्रीय सचिवालय सदस्य तथा ताम्सालिङ राज्यका संयोजकको जिम्मेवारीमा छन् । अन्य पार्टीहरूले मुस्लिमहरूलाई वेवास्ता गरेपनि देशभक्त जनगणतान्त्रिक मोर्चाले उम्मेदवारको रूपमा आफूलाई अगाडि सारेपछि मुस्लीम समुदायमा खुशियाली छाएको अन्सारीले दावी गरे । स्थानीय मुस्लिम समुदायले चुनावको प्रचार प्रसारमा उत्साहजक रूपमा सहयोग गरिरहेको उनले बताए । अल्पसंख्यक, उपेक्षित र सिमान्तकृत समुदायबाट उम्मेदवार भएकोले पनि हेटौडा उपमहानगरपालिकाबासीहरूको पहिलो रोजाइमा आफू पर्ने अनसारीको आत्वविश्वास छ । उनले स्वतन्त्र उम्मेदवारको रूपमा ब्याटमिन्टनको कक चुनाव चिन्ह पाएका छन् ।

## भोट...

जितेको हुनु पर्ने छ । यसरी अर्को पटकबाट राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त नगर्ने संसदमा प्रतिनिधित्व गर्ने दलहरूले पनि आफ्नो पार्टीको चुनाव चिन्ह लिएर भाग लिन पाउने छैनन् । हिजो राजतन्त्र हुँदा पनि (०४६ साल देखि यता) राजनीतिक दलहरूले आफ्नो पार्टीको चुनाव चिन्हमा चुनावमा भाग लिन पाउँथे । तर अहिले गणतन्त्र आए पछि राजनीतिक पार्टीहरूले आफ्नो पार्टीको चुनाव चिन्हमा निर्वाचनमा भाग लिन नपाउने भयो । आफ्नो पार्टीको चुनाव चिन्हमा भाग लिन नपाउने भनेको मानव अधिकार तथा राजनीतिक अधिकारबाट पनि बन्चित हुनु हो । के यसै गर्न गणतन्त्र ल्याएको हो त ? निश्चयनै होइन । थप अधिकार प्राप्त गर्नका लागि जनताले रगत पसिना बगाएर, अपाङ्ग भएर, ठूलो संख्यामा सहिद भएर गणतन्त्र ल्याएको हो । तर अहिले स्थिति उल्टो भयो । यस्तो हुनुमा सामान्यत व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्ने दलहरू सबै जिम्मेवार छन् । किनभने यो स्थानीय तहको निर्वाचन ऐन ०७३ पारित गर्ने बेलामा छलफलमा सहभागी कुनै पनि दलले विमति बाहिर ल्याएनन् । सामान्य रूपमा व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्ने सबै दलहरू जिम्मेवार भए पनि मुख्यत कांग्रेस, एमाले र माओवादी केन्द्र नै यो अवस्था ल्याउनमा जिम्मेवार छन् । किनभने संसदीय समितिमा तिनैका प्रतिनिधित्वहरू छन् र सरकारमा पनि तिनीहरूकै छन् जसले विधेयक पेश गर्दछ ।

त्यति मात्रै होइन नयाँ राजनीतिक दलहरूलाई पार्टीगत रूपमा चुनावमा भाग लिन नपाउने व्यवस्था संविधानमै गरिएको छ । नेपालको संविधान २०७२ को धारा २७१ मा भनिएको छ 'राजनीतिक दलको रूपमा निर्वाचनका लागि मान्यता प्राप्त गर्न दर्ता गराउनु पर्नेः (१) निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगबाट मान्यता प्राप्त गर्न चहाने धारा २६९ बमोजिम दर्ता भएको प्रत्येक राजनीतिक दलले संघीय कानून बमोजिमको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दर्ता गराउनु पर्ने छ । (२) उपधारा (१) को प्रयोजनको लागि निवेदन दिँदा राजनीतिक दलले धारा २६९ को उपधारा (३) मा उल्लेखित विवरणको अतिरिक्त वार्षिक लेखापरिक्षण प्रतिवेदन पेश गर्नु पर्ने छ र सोही धाराको उपधारा (४)मा उल्लेखित शर्त समेत पुरा गरेको हुनु पर्ने छ ।' हामीले साउन १ गते देखि असार मसान्त सम्मलाई एक आर्थिक वर्ष मान्छौ । वार्षिक लेखापरीक्षण रिपोर्ट भनेको यही एक वर्ष हो । यो १२ महिना पुरा नभैकन वार्षिक लेखा परिक्षण हुँदैन । त्यसो हँदा साउन देखि असार सम्म गठन भएका नयाँ पार्टीहरूले निर्वाचनको लागि दलको रूपमा मान्यता नपाउने व्यवस्था संविधानमा गरिएको छ । जुन संविधानले जनतालाई राजनीतिक दलको रूपमा निर्वाचनमा भाग लिन दिदैन त्यो संविधान कसरी जनताको संविधान हुन्छ ? त्यसैले नेकपा (क्रान्तिकारी माओवादी) लगायत अन्य थुप्रै पार्टीहरूले यो संविधानलाई कालो संविधानका रूपमा परिभाषित गर्दै आएका थुप्रै कारणहरू मध्ये यो पनि एक कारण हो । यस्तो संविधान बनाउने राजनीतिक पार्टीहरू पनि मुख्यत नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्र नै हुन् । यी राजनीतिक पार्टीहरूले भन्ने बेलामा संघीय लोकतान्त्रिक गणतन्त्र भन्ने तर व्यवहारमा जनतालाई दलको रूपमा निर्वाचनमा भाग लिन नदिने, दलको रूपामा माने पनि पार्टीको चुनाव चिन्हमा निर्वाचनमा भाग लिन नदिने व्यवस्था गरे । यो लोकतन्त्र होइन । यो त लोकतन्त्रको हनन हो । यसप्रकारको व्यवस्था उनीहरूले सुनियोजित रूपमा जानीबुझीकनै योजनाबद्ध ढंगले बनाएका हुन् । यसप्रकारको संविधान र ऐन बनाउने पार्टी नै जनविरोधी पार्टी हुन् । देशको राजनीतिमा यस्तो पार्टीहरूको नेतृत्व रहँदासम्म देशमा जनताको हित हुन्छ न राष्ट्रिय स्वाधिनता नै जोगिन्छ ।

यो निर्वाचनको क्रममा यी ठूला भनिने राजनीतिक पार्टीहरू मुख्यतः नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्र वास्तविक चरित्र अझ छर्लङ्ग भएको छ । यी पार्टीहरूले जनतालाई ठूला ठूला सपना देखाएर चुनावी घोषणापत्र जारी गरेका छन् । यिनीहरूको चरित्र अहिलेको घोषणापत्र हेरेर होइन कि पहिलो चुनावमा जारी गरेका घोषणापत्रमा उल्लेख भएका कुराहरू कति कार्यान्वयन गरे त्यसको समीक्षा गरेर ती पार्टीहरूको चरित्रलाई बुझ्नु पर्दछ । ती पार्टीहरूले संविधान सभाको चुनावको बेलामा जुन घोषणापत्र जारी गरे त्यसमा संविधान बनाउने कुरा भन्दा जनताको जीवनस्तर उठाउने कुरा र विकास निर्माणका कुरा बढी थिए । तर कार्यान्वयनको पाटोमा हेर्दा ५ प्रतिशत पनि गरेको देखिन्न । घोषणा पत्रमा उनीहरूले जनताको जीवनस्तर माथि उठाउने, मजदुर किसानहरूको तलव आयस्रोत बढाउने भनेका थिए । तर उनीहरूले (नेका, एमाले र माके) आफूले घोषणा गरेको कुराको उल्टो काम गरेका छन् । जस्तो सांसदहरूको मासिक तलब, घरभाडा सुविधा ५४,२००।- बाट ८०,५००।- पुऱ्याएका छन् । उनीहरूको दैनिक ट्याक्सी भाडा १५०।- बाट १०००।- र बैठक भत्ता २००।- बाट ५००।- बनाइएको छ । सांसदहरूले आफ्ना लागि यस्तो गरेका छन् भने मजदूरहरूको लागि 'औद्योगिक व्यवसायी विधेयक ०७३' पारित गर्दै ' नो वोर्क नो पे' को व्यवस्था गरेका छन् । नयाँ कानून अनुसार मजदुर तथा कर्मचारीले उद्योगमा कुनै किसिमको बन्द हड्ताल जस्ता कार्यक्रम गर्न पाउने छैनन् । हिजो चुनावी घोषणापत्रमा मजदुर किसानहरूको हकहितमा काम गर्छौ भन्ने पार्टीहरूले गरेको काम यही हो ? आज राज्यको ढुकुटीबाट मजदुर, किसानहरूको हितमा होइन कि भूपू विशिष्ट पदाधिकारीहरू राष्ट्रपति, प्रधानमन्त्री, सभामुख आदिलाई विशेष सुविधा दिनु पर्दछ भन्ने प्रस्ताव व्यवस्थापिका संसदमा गइसकेको छ । कुनै दिन त्यो नियम बनेर आउने छ ।

यसप्रकारको गतिविधि गर्ने राजनीतिक दलहरूले अहिले पनि घोषणापत्रमा ठूला-ठूला विकासका कुरा गरेका छन् । एकजना लेखकले त्यसलाई 'घोषणापत्र होइन सपनापत्र' भनेर नामाकरण गरेर ठीकै भन्नु भएको छ । काठमाडौं सडकको फोहोर व्यवस्थापन गर्न नसक्नेहरूले, बाटो बनाउन नसक्नेहरूले, भूकम्प पीडितलाई दुईवर्ष सम्म व्यवस्थित गर्न नसक्नेहरूले मेट्रो रेलका कुराहरू गरेर जनतालाई फेरि भ्रमित बनाइरहेका छन् । चुनाव स्थानीय तहको हो । त्यसको अवधि ५ वर्षको हो । स्थानीय तहले ५ वर्षमा गर्न सक्ने काम के हो ? त्यसको वस्तुगत आधारमा कुनै योजना छैन केन्द्रीय सरकारले दशौं वर्षमा गर्ने कामहरू घोषणापत्रमा उल्लेख गरेर जनतालाई झुठो आश्वासन बाँडिरहेका छन्, यी ठूला भनिएका पार्टीहरूले ।

यस्तो अवस्थामा निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने उम्मेदवारहरूले प्रथम त यो प्रतिक्रियावादी व्यवस्था र संविधानको जनविरोधी चरित्रहरूको भण्डाफोर गर्नु पर्दछ दोस्रो अहिलेसम्म राष्ट्रघात, जनघात गर्ने नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र जस्ता पार्टीहरूको जनविरोधी चरित्रको पर्दाफास गर्नु पर्दछ र तेस्रो आफूले जितेको खण्डमा गर्न सक्ने ठोस योजनाहरू प्रस्तुत गर्नु पर्दछ जुन तत्काल गर्न सम्भव छ त्यसलाई व्यवहारमा गरेर पनि देखाउन सक्नु पर्दछ । त्यो अरुले बाँडे जस्तो सपना नभएर वास्तविक यर्थाथ होस् ।

## उत्तरकोरिया...

कोरियाका जनताले खान, लाउन पाउदैनन् भोकभोकै मरिरहेका छन् । जनताहरू कुपोषणले ग्रस्त छन् भन्ने जुन प्रचार साम्राज्यवादी तथा पुँजीवादी संचार माध्यमहरूले फैलाएको थिए ती सबै झूठ प्रचारबाजी र मात्र रहेछ र कम्युनिष्टहरूलाई बदनाम गर्ने, विश्व जनतालाई समाजवादी व्यवस्थाप्रति घृणा पैदा गर्ने षडयन्त्र मात्र रहेछ भन्ने कुरा म आफैं उत्तर कोरिया पुगेर भित्रैसम्म पुगेर आफ्नै आँखाले देख्न पाउदा ती सबै प्रचारवादीहरू विश्वजनताका शत्रुहरूले फैलाएका झुठा समाचार मात्रै रहेछन् भन्ने मैले अनुभूति गरेको छु ।

कोरिया जनतालाई चुसम्म पनि बोल्न पाइदैन, संचार माध्यमबाट समेत वञ्चित गराएर बाधक बनाई राखिएको छ भन्ने जुन प्रचार गरिन्थ्यो ती सबै फुस्सा साबित भएको हामीले पायौं । त्याहाँ आम जनताले मार्क्सवाद-लेनिनवाद-जुछे विचारधारा -आत्मनिर्भरताको सिद्धान्त) लाई आत्मसाथ गर्दछन् । समाजवादी व्यवस्थालाई स्वीकारेछन् । अनुशासन त कडा छ । जुछे विचार धारा र समाजवादी व्यवस्थाका विरुद्ध जान भने पाइदैन त्यहाँ ।

कोरियाली जनताका लागि नेट, इन्टरनेट फोन, मोबाइल सब प्रयोग निःशुल्क रूपमा गर्न पाउँछन् । कोरियाकै विशेषतामा सामाजिक संजाल पनि जनताले प्रयोग गर्न पाउँछन् । विदेशी नागरिकहरूलाई भने संचार सरकार नियन्त्रित छ र महंगो छ । एक मिनेट कल गरे वापत ५ सय अमेरिकी डलर लाग्ने रहेछ । अरु सबै छुट छ त्यहाँका जनतालाई ।

सडक, गाडी, यातायातका साधनहरू, भवन, महल, Science and Technology लगायतका जुन भौतिक संरचनाहरू राजधानी प्योङ्याङ लगायत देशभरी जुन वैज्ञानिक र उच्च स्तरको प्रवृत्तियुक्त गरिएको हातहतियारको निर्माण सबैको विकासलाई भित्री पसेर हेर्दा के देखिन्छ कोरियाली समाजवादले विश्व जनतालाई प्रेरणादायी र शिक्षाप्रदका रूपमा लिनु पर्ने गरि अत्याधिक विकास गरेको छ र आम कोरियाली सन्तुष्ट तुल्याएको देखिन्छ । यो समाजवादी व्यवस्थाको पहिलो विशेषता हो, त्यो उत्तर कोरियाले विश्वजनताका सामु प्रस्तुत गरि रहेको छ । मसँग वर्कर्स पार्टी कोरियाका उपाध्यक्ष कमरेड किम कि नाम सँग भेट भयो । कमरेड नामसँग भेटमा उहाँले 'हाम्रै विशेषतामा आधारित उत्कृष्ट प्रकारको समाजव्यवस्था कायम गरेको छौं, यसलाई बचाइ राख्ने हाम्रो प्रतिबद्धता भने जनताप्रति समर्पित वर्कर्स पार्टी कोरिया र कडा अनुशासन हो' भन्नु भएको थियो । सेमिनारमा पनि यसै प्रकारको कार्यपत्र प्रस्तुत गरिएको थियो ।

अन्त्यमा हामी क्रान्तिकारी कम्युनिस्टहरूले उत्तर कोरियाबाट विशेष गरि के कुराहरू शिक्षाको रूपमा ग्रहण गरेर सिक्न सकिन्छ भने पहिलो- वर्कर्स पार्टी कोरिया भित्र शुरु देखि कायम गरिदै आएको लौह अनुशासन र पार्टी पद्धति । दोस्रो वर्कर्स पार्टी कोरियाले सधै व्यवहारमै पुष्टि गर्दै आएको देश र जनता प्रतिको समर्पण । तेस्रो पार्टी नेतृत्वको देश र जनता प्रति गर्दै योगदान, बलिदान, निस्वार्थ भाव । चौथो-त्यहाँका कम्युनिस्टहरूले व्यवहारमै प्रदर्शन गर्दै वर्गीय मायाँ र कामरेडली व्यवहार ।

पाचौं- अत्यन्तै व्यवस्थित योजनाबद्ध र नियमित पार्टी स्कुलिङ्ग । छैठौं- समाजवादको स्थापना पश्चात मुलुकको पुनर्निमाण र आधुनिकीकरण त्यहाँ पार्टी नेतृत्व र सरकार कटिबद्ध भएर लाग्ने संस्कारको निर्माण । सातौं- जनतालाई देशको मालिक बनाउनमा नमूना योग्य बन्नु । आठौं- पार्टी, देश र जनतालाई सधैं एकताबद्ध तुल्याउन सफल भइरहनु । नवौं-हरक्षेत्रमा पार्टीलाई पहिलो राख्नु,

दशौं- जनताको जीवनस्तर उच्चस्तरमा पुऱ्याउनु । एघारौं- विकास निर्माण, सडक, यातायात र अन्य भौतिक विकासलाई चरम सिमामा पुऱ्याउनु । बाह्रौं-विज्ञान र प्रविधिका क्षेत्रमा अतुलनीय प्रगति गर्नु । तेह्रौं- आम जनतालाई अमेरिकी साम्राज्यवाद प्रति तीव्र घृणा व्यक्त गर्न र त्यसका विरुद्ध लड्न तयार

पार्नु । चौधौं- पार्टी, सेना र आम जनताका बीचमा जनवादी तथा समाजवादी संस्कृतिको उच्च विकास र परिपालन गर्नु गराउनु । पन्ध्रौं वर्कर्स पार्टी कोरियाले पार्टी, देश र जनतालाई सधै एकताबद्ध तुल्याई राख्न सफल हुनु ।

उत्तर कोरियाको त्यस ऐतिहासिक भ्रमणबाट मैले अनुभूति र जीवन व्यवहारमा लागु गर्न, सधैं तयार हुन सक्नुपर्छ भन्ने लागेका विषयहरू यिनै हुन् ।

## काठमाडौंलाई...

**यहाँले भनेजस्तै कुरा हो भने तपाईको उम्मेदवारी संसदवादी दललाई चुनौती दिनका लागि हो ?**

पक्कै पनि हो । संसदवादी दलले कहिल्यैपनि जनताको पक्षमा बोलेका छैनन्, महंगी, भ्रष्टाचार, न्याय सुशासनमा समेत यिनीहरू असफल भइसकेका छन् । न्यायलयसमेत पवित्र हुन सकेन । किनकी न्यायलयमा पार्टीका न्यायधीसहरू छन्, यसले निश्पक्ष न्याय हुन्न भन्ने स्पष्ट देखिएको छ । यसको परिणाम अहले हामी देखिरहेका छौं । हाम्रो उम्मेदवारी संसदवादी आडम्बर, देश खोक्रो बनाउने दलाल, भ्रष्टहरूका विरुद्ध चुनौती नै हो । हामी देशलाई निकास दिनका लागि अब्बल छौं भन्ने लाग्छ ।

**तपाईहरूले पार्टी छाडेर अर्कै मोर्चाबाट चुनावमा जानुभएको छ नी, तपाईहरूलाई जनताले कसरी चिन्ने र भोट हाल्ने ?**

जनतालाई हामी काम गरेर चिनाउन चाहन्छौं । आफ्ना कुरा गरेर हामी जनतालाई बुझाउँछौं, जनतालाई फटाहा कुरा गरेर चिनाउन हामी चाँहदैनौं । हामीले जनताका लागि दुःख गरेका आएका छौं, संघर्ष गरेका छौं, त्यसले गर्दा जनताको श्रमलाई हामी सम्मान गर्छौं, त्यसकारण जनताले हामीलाई छान्नेछन् । यिनीहरूलाई चुनेर र चिनेर थाकिसकेका छन् । यि चारवटै पार्टीलाई भोट दिनु भनेको जनताले आफूले आफ्नै छातीमा छुरा हाने बराबर हो ।

**निर्वाचन आयोगले यहाँहरूलाई दलको मान्यता र चुनाव चिन्ह समेत नदिएको अवस्थामा लत्रिदै किन निर्वाचनमा होमिनुभएको हो ?**

हामी लत्रिएको होइन, हिम्मत गरेका हौं । यो सरकार, निर्वाचन आयोग निकम्मा र जनविरोधी छन् । यिनीहरू खाली कामचलाउ मात्रै हुन् । इमान्दारीतापूर्वक चुनाव गर्ने हो भने सबैलाई चुनाव चिन्ह दिएर मैदानमा उत्रने हिम्मत त तिनीहरूले गर्नुपर्छ । जनताको पक्षमा काम गर्छु भन्नेलाई आउनै नदिने जुन बार लगाएका छन् । यो कुरा अप्रजातान्त्रिक हो । अहिलेका चार दल तानाशाह हुन, प्रजातन्त्रविरोधी हुन् । उनीहरूसँग हामी मुकाबिला गर्दैछौं, डग्नेवाला छैनौं । उनीहरूको दशौं हजार भोट र हाम्रो ५ सय भोट भएपनि त्यो नै ठूलो कुरा हो । न्यायप्रेमी जनता नै हाम्रो शक्ति हो । हामी कमजोर छैनौं ।

जनताको अघि हामी आफ्ना कुरा राख्न आएका छौं । ठूला भनिएका पार्टी ढाँट्ने, असमान सन्धी सम्झौता गर्ने, भ्रष्टाचार, न्यायसमेत दिन नसकेका कारण न्यायप्रेमी जनता हाम्रो पक्षमा छन् । क्रान्ति गर्ने पार्टी कसैको लाइसेन्स, मान्यता चाहिएको छैन । क्रान्तिका लागि यसलाई हामी उपयोग गर्ने रणनीतिमा आएका हौं, त्यसमा हामी दृढतापूर्वक उभिएका हौं ।

**काठमाडौंमा संसदवादीको विकल्पमा हामी छौं भन्दै गर्दा विवेकशील, नयाँ शक्ति जस्ता पार्टी पनि युवा उम्मेदवारसहित मैदानमा आएका छन्, उनीहरूको चर्चा देखिन्छ, तपाईहरूको चर्चा देखिन्न किन ?**

गर्छु भनेर आउनेलाई स्वागत छ । तर हामीले, दुःख, कष्ट, जेलनेल, ठक्कर खाँदै यहाँ आएका हौं । हामीले मजदुर, किसान सबै हामीले भोगिसकेका छौं । यसरी नै देशलाई नेतृत्व गर्छौ भन्दै आएका प्रचण्ड-ओलीहरूलाई हेर्दा काफी हुन्छ । उनीहरू अहिले कसरी प्रतिक्रान्तिकारी कित्तामा गएर त्यसैलाई संस्थागत गर्न लागिसकेका छन् । उनीहरू पञ्चायतका पिछलग्गु बनेका छन् । हामी खारिएर परिपक्व बनेका छौं । युवाभन्दा कम हामी छैनौं, जोश घटेको छैन, हिम्मत हारेका छैनौं । हामी स्थानीय तहमा मात्रै होइन, राष्ट्रिय सरकारमा पुग्यौ भने पनि भारतसँग भएका असमान सन्धी सम्झौतालाई खारेज गरिदिन्छौं । के अहिलेका युवा भनिएकाले यो गर्न सक्छन् ?

**काठमाडौं महानगरपालिकालाई कस्तो बनाउने सपना देख्नुभएको छ ?**

हामीले यस्तो उस्तो होइन, यसलाई काठमाडौंकै रूपमा पहिचान दिन चाहन्छौं । यहाँको पुरानो पुरातात्विक स्थलको रूपमा थप सजावटसहित राख्न चाहन्छौं । म यहाँको आदिवासी नेवार समुदायको मानिस पनि हो, यसलाई हाम्रो पुरानो शैली र परम्परालाई बचाउन चाहन्छु ।

**लामो समयदेखि काठमाडौंमा बसेर राजनीतिमा सक्रिय हुनुहुन्छ, यहाँका समस्याहरू के के रहेछन् ?**

यहाँका मुख्य समस्या भनेको पानी, ढल, यातायातजस्ता कुरा व्यवस्थित हुन सकेका छैनन् । त्यसलाई वैज्ञानिक व्यवस्थापनको जरुरी छ । फोहोरको समस्या कहिलेकाँही विकराल बनेर आउने गरेको छ । त्यसको व्यवस्थापन जरुरी छ । जथाभावी फाल्ने गरिएको छ, त्यसलाई हामी नष्ट हुने र नष्ट नहुने दुई भागमा विभाजित गरेर मलको रूपमा प्रयोग गर्न सकियो भने अहिलेको फोहोरको ७० प्रतिशतभन्दा बढी समस्या हल हुन्छ । पानीको समस्यालाई समाधान गर्न हामीले ठोस कदम चाल्नेछौं । विकास निर्माणका कामलाई प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको अवस्था छ । यसलाई जनतासँग जोडेर गर्नुपर्ने आवश्यकता छ ।

**काठमाडौं महानगरमा विकासका अनेक सपना अरु दलले देखाइरहेका छन् । यी सपना तपाईले बोक्नु भएको छैन ?**

यहाँ हामीले सपना पाल्नु आवश्यक छैन । मलाई विपना नै काफी छ । जनतालाई काठमाडौं महानगरलाई जनताको आँखामा मेरो नगर भन्ने भावना जगाउन सक्यौं भनेमात्रै पुग्छ । अहिले साँच्चै भन्ने हो भने सरकार र महानगरले जुन व्यवहार गरिरकेको छ यसले आम जनतामा निराशा छाएको छ । म यहाँको नागरिक होइन भन्ने जस्तो भइरहेको छ, म पनि काठमाडौंको नागरिक हुँ, मैले पनि यहाँका लागि केही गर्नुपर्छ भन्ने भावना जगाउन सक्यौं भने धेरै काम गर्न सकिन्छ ।

**काठमाडौं महानगरपालिकाका मतदाताहरूलाई के भन्न चाहनुहुन्छ ?**

मतदाताहरूलाई हामी पुराना संसदीय भासमा गन्हाएका दलहरूको विकल्पमा हामी आएका छौं, अत्याधिक मत दिएर विजयी गराउनुहोला भन्न चाहन्छु । काठमाडौंलाई स्वच्छ वातावरण, प्रदुषणरहित काठमाडौं बनाउने हामीले सोचेका छौं । जति यहाँ यातायताको जुन समस्या छ, त्यसलाई व्यवस्थित गर्नुपर्ने आवश्यकता छ । सडक फराकिलो पार्ने नाममा सर्वसाधारणको जुन जनतालाई मार परेको छ । त्यस्तो अवस्थामा हामी उचित मूल्य दिएर मात्रै काम गर्नेछौं । जनतालाई अन्याय हुन दिदैनौं ।

## कुर्चीको...

मामिलासँग जोडिएको साथै जनताको विकास निर्माण सँग जोडिएको हुँदा र हामी जनता थियौं र छौं भन्नको लागि हामीले यस निर्वाचनको उपयोग गरेका हौं ।

**चितवन सहित केहि जिल्लामा कांग्रेस र माआवादी साथै एमाले र राप्रपा बिचमा निर्वाचन तालमेल भएको विषयलाई कसरी लिनुभएको छ ?**

अहिले चुनावलाई लक्षित गरेर विपरीत वर्गहरूको बिचमा र विपरीत एजेण्डा बोक्नेहरूको बिचमा जुन तालमेल भएको छ यसले के देखाउँछ भने पद र कुर्चीका निम्ति आफ्ना सम्पूर्ण ऐजेण्डालाई तिलाञ्जली दिएर यो अप्राकृतिक र अपवित्र तालमेल भयो भन्ने देखाउँछ । एमालेको बहुदलीय जनवाद र राप्रपाको हिन्दु राज्य सहित राजा फिर्ता गर्ने भन्ने बिच कहाँ नेर एकता वा तालमेल छ ? हिजो सर्वहारा वर्गको नेतृत्व हुँ भन्ने माआवादी केन्द्रका अध्यक्ष प्रचण्ड र पुँजीवादी व्यवस्थाको नेतृत्व गर्ने काँग्रसका बिचमा कहाँनेर एकता र तालमेल छ ? यसरी यो आफ्ना वर्ग र जनता प्रति भएको धोका र गद्दारी हो । यो तालमेल अपवित्र र अनैतिक नै हो । यो तालमेल सत्ता, स्वार्थ र कुर्सी मोहले मात्र भएको तालमेल हो भन्ने हाम्रो बुझाई छ ।

**तपाईहरूको चुनावी प्रचार कसरी गराई रहनु भएको छ ?**

खास कुरा के छ भने जनताले माओवादी बिग्रियो भनेर भनेका छन् । माओवादी कांग्रेस सरह भयो भन्ने जनताको बुझाई छ । तर हामी बिग्रिएका छैनौं, प्रचण्डले नेतृत्व गरेको माओवादी केन्द्रका कार्यकर्ताहरू बिचलित भएका हुन् । हामी जनतासँगै छौं र हामीले जनतासँग हिजो गरेका बाचाबाट हामी पछाडि हटेका छैनौं भन्ने सन्देश लिगेर हामी जनताको घर दैलोमा गईरहेका छौं । हामीलाई आशा छ, जनताले सहि, गलत छुट्याएर हामीलाई मत दिनेछन् ।

## देजमोका...

प्रतिनिधित्व जस्ता केही विषय मात्रा र रूपमा सकारात्मक रहेका छन् । परन्तु, गुण र सारतत्वमा सो संविधानले पश्चगामी राज्यसत्ता र वर्गकै संरक्षण गरेको छ । त्यसैले सो संविधानलाई हामीले अस्वीकार गरेको कुरा स्पष्ट नै छ ।"

क्रान्तिकारी तयारीका निम्ति स्थानीय तहको निर्वाचनको क्रान्तिकारी उपयोग गरिएको स्पष्ट पार्दै अपीलमा भनिएको छ, "वस्तुतः हामी राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याको समाधानका लागि संघीय जनगणतन्त्रको स्थापना गरी समाजवाद हुँदै साम्यवादको दिशामा अगाडि बढ्ने उद्देश्यमा आधारित रही नयाँ जनवादी क्रान्तिको तयारी गर्न गइरहेका छौं । यस प्रकारको तयारीका लागि जनताको बिचमा जान, प्रतिगामी राज्यसत्ता, व्यवस्था तथा त्यस प्रकारका प्रतिगामी एवम् दक्षिणपन्थी राजनीतिक तत्वहरूले लिएको गलत राजनीतिको विरोध गर्न, भ्रष्टाचारीहरूलाई दण्डसजाय दिन र जनताको सेवा गर्नका लागि स्थानीय निर्वाचन पनि एउटा उपयुक्त माध्यम हुन सक्ने हामीले देखेका छौं । तसर्थ, हाम्रो पार्टी उक्त उद्देश्यमा सहयोग पुऱ्याउनका लागि देशभक्त जनगणतान्त्रिक मोर्चाका उमेदवारहरूलाई मत दिई विजयी बनाउन सम्पूर्ण आदरणीय जनसमुदायसित विशेष अनुरोध गर्दछ ।"

चुनाव नजिकिदै जाँदा संसदीय व्यवस्थामा घटित पछिल्ला घटनाक्रमले नेपाली राजनीतिमा क्रान्तिकारी माओवादी र देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको भूमिका र आवश्यकतालाई अझ बढाएर लगेको छ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

**स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा**

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

मोदनाथ मरहठ्ठा

# ठूला दलको विचलन र आजको आवश्यकता

विश्वभर कार्लमार्क्सको २ सयौं जन्म सन्दर्भ मनाइरहँदा नेपालका ठूलो भनिएका वामपार्टीहरू भने ओरालो लाग्दैछन् । उनीहरूका गैर-कम्युनिष्ट क्रियाकलापले प्रश्रय पाउँदै गएपछि मार्क्सवादका शुभचिन्तक र समर्थकहरूमा अन्यौलता उब्जिएको छ ।

स्थानीय निकाय निर्वाचनको तिथिमिति जतिजति नजिकिंदै छ, त्यतित्यति घटनाहरू उल्टो दिशातर्फ मोडिदै छन् । हरेक वडा, नगर वा गाउँपालिकाहरूमा राजनैतिक दलहरू घरदैलो वा कोणसभा र ऱ्यालीतिर केन्द्रित छन् । तिहारका दिनहरूमा भैलो वा देउसी खेल्न आउने टोली जस्तै भोट माग्नेहरूको टोली घर घर धाउँदो छ । के साँच्चै यी दलहरू आफ्नो घोषणा या प्रतिबद्धता पत्रमा कबुल गरेका मुद्दामा केन्द्रित हुन्छन् त ? या कमाउ धन्दामा लाग्छन् । यसबारे केही छलफल गर्नु जरुरी छ ।

पहिलो कुरा स्थानीय निर्वाचनमा उम्मेदवार बन्ने पार्टी कार्यकर्ताबीचको लुछाचुँडी छिनाझम्टी र उम्मेदवार बन्न नसक्नेका पीडा या आक्रोश पनि सतहमा आउन थालका छन् । पैसाको दम्भ वा नेताज्यूहरूको ज्यू हजुरी र चम्चागिरीका आधारमा टिकट पाउने कार्यकता मख्ख र फुरुङ्ग छन् भने त्याग, निष्ठा र इमान बोकेका कार्यकर्ता फ्याकिएका छन् । यस्तो खालको स्थिति अमूक दलको मात्र होइन, ठूला भनिएका चारवटै दलभित्रको अवस्था हो ।

विकास निर्माणमा विशेष महत्व राख्ने र संघीय संरचना अनुरूप गठन गरिएका निकाय सञ्चालन गर्ने, जनतालाई सहज रूपमा सेवा उपलब्ध गराउने बाँचा बाँधेका दलहरूको अपवित्र गठबन्धनको चरित्र देखेर जनताहरू विकल्प खोज्न बाध्य बन्दैछन् ।

अहिले सतहमा आएका दलिय गठबन्धन बारे अलिकति विवेचना गर्नुपर्ने देखिन्छ । सिंहदरबारमा माओवादी केन्द्र र नेपाली काँग्रेसको संयुक्त सरकार छ । विचार, चेतना र सिद्धान्तका हिसाबले यी दुई शक्ति फरक ध्रुवका हुन् । माओवादी केन्द्र आफू मालेमालाई पथप्रदर्शक सिद्धान्त मान्छ र आफ्नो दस्ताबेजहरूमा काँग्रेसलाई मुख्य दुश्मन भन्छ भने काँग्रेस आफूलाई सच्चा प्रजातन्त्रवादी र माओवादी केन्द्रलाई प्रजातन्त्र विरोधी उग्रपन्थी मान्छ । हिजोको जनयुद्ध कालमा टाउकाको मूल्य तोक्ने र तोकिने बीचको गठबन्धन आफैमा अर्को आश्चर्य हो । अब यस्तै खाले गठबन्धन स्थानीय निर्वाचनमा पनि देखिन थालेको छ । यस्तो गठबन्धनले जनतामा मेलमिलाप होइन अन्तरविरोध बढ्ने सम्भावना बलियो हुन्छ । विकास निर्माणका लागि सैद्धान्तिक मान्यता प्रमुख विषय हो । तर यस विषयलाई गौण मानेर पद र प्रतिष्ठालाई प्रधान मानिदो छ । काँग्रेस माओवादी बीचको चुनाबी तालमेल वा गठबन्धन प्रचण्डको बाध्यता हो । किनभने प्रचण्डहरू मालेमावाद वा विचारवाट पूर्णरूपमा स्खलन भइसकेका छन् । जब सिद्धान्तमा विचलन आउँछ, तब व्यक्ति वा संगठनले अर्को शक्तिसँग आत्मसमर्पण गर्न बाध्य हुन्छ । प्रचण्डमा देखिएको प्रवृत्ति त्यही हो । अब प्रचण्डसँग क्रान्ति, परिवर्तन वा अग्रगमनका लागि कुनै पनि विचार बाँकी छैन । आफ्नो र परिवारको साख जोगाउन उनी जस्तोसुकै हर्कत गर्न पनि तयार छन् । उनलाई के थाहा छ भने नेपाली जनताको ठूलो हिस्साले आफूलाई समर्थन गर्दैन । हिजोका बाचाहरू अलपत्र पारेर सत्तामा पुगेपछि उनीमा निराशा र पदलोलुपता जागेको हो । त्यसैले काँग्रेसका वैशाखी नटेकी उनलाई सुख छैन ।

अर्कोतिर एमालेको अवस्था पनि उस्तै छ । प्रचण्ड र सानो दलका साथ लिएर सत्तामा पुगेको एमाले सत्ताच्यूत हुने वित्तिकै गोली लागेको घाइते बाघ जस्तो बनेको छ । उसले आफ्नो पार्टी कार्यालयबाट हँसिया, हथौडा अंकित झण्डा हटाउने तयार गरेको छ । र मार्क्सवाद लेलिनवाद पार्टीको पछाडि राखेपनि मार्गदर्शक सिद्धान्त मान्न छोडेर बुर्जुवा प्रजातन्त्रतिर समाहित भइसकेको छ । यसका पनि प्रमाण छन् । कि "संसारका उत्पीडित एक हौं" भन्ने आदर्श बोक्नुपर्नेमा मधेशप्रति उग्रआक्रमक हुनु राष्ट्रियताको मुद्दा उठाएको त हो तर त्यो हिटलरी राष्ट्रवाद खालको हुनुले पनि मधेशप्रति सहानुभूति राख्ने शक्तिको नजरमा उसको साख गिरेको छ । ऊ रा.प्र.पा. जस्तो प्रतिगामी शक्तिसँग चुनाबी तालमेल गर्दैछ । ठूलो दलहरूका यस्तो हर्कत राज्यको ढुकुटी दोहन गर्ने दाउपेच मात्र हुन् । केन्द्रीय सत्तामा सत्ता पक्षमा वा प्रतिपक्षमा रहने दलहरूको चुनाबी तालमेलको परिपार्टीले के देखाउछ भने यिनीहरू अमेरिकी नक्कललाई पछ्याउँदै छन् । स्थानीय निकायको निर्वाचनमा साना दलहरूलाई निर्वाचन चिन्ह नदिनु यही मनोवृत्तिको पुष्टि हो । आफूले जनविश्वास गुमाइसकेको आवास यी ठूला भनिएका चार दलले गरिसकेका छन् । त्यसैले यो गाउँपालिका नभए त्यो गाउँपालिका वा यो शहर नभए, त्यो शहर भन्दै अपवित्र गठजोड गरिरहेका छन् । उनीहरूको ठम्याई छ स्वच्छ प्रतिस्पर्धा होइन जालझेल हाटहुट वा जे जसरी पनि कब्जा गर्नुपर्छ । उसले विरालो खान थाल्यो भने हामी कुकुर खान किन नहुनु ? भन्ने मान्यता उनीहरूमा देखिन्छ । यस्तो खाले चिन्तनले ग्रस्त बन्दै गएपछि सत्ता सञ्चालनमा निष्ठा आदर्श, निति, सिद्धान्त सबै समाप्त हुन्छ । यस्तो गम्भीर विषयमा मतदाताहरू सचेत बन्नुपर्दछ ।

आसन्न स्थानीय निकायको निर्वाचनमा ने.क.पा. (क्रान्तिकारी माओवादी) ले आफ्नो विचार संगठन निर्माणका निम्ति देशभक्त जनगणतान्त्रिक मोर्चाको नाममा आफ्नो उपस्थिति जनाउने भएको छ । मालेमाको निति सिद्धान्त बोकेको यो मोर्चा उत्पीडितहरूको पक्षमा उभिने एक मात्र शक्ति हो । नेपाली समाजमा फैलिदैं गएको कम्युनिष्ट मोहको रक्षा गर्ने शक्ति पनि यही हो । ठूला भनिएका कम्युनिष्ट पार्टीमा देखिएको विचलनका विरुद्धको वैकल्पिक शक्ति पनि यही हो । जाति, क्षेत्र, लिङ्गले उत्पीडनका विरुद्ध आवाज उठाउने माध्यम पनि यही हो । तसर्थ यही मोर्चाको पक्षमा उभिनु आजको अनिवार्य आवश्यकता हो । *र.न.पा.-३, चितवन*

## संसदीय...

माओवादीका केन्द्रीय सचिवालय सदस्य तथा नेवा राज्य संयोजक एवम् पुराना मजदुर नेता दिनेश शर्मा'सागर'ले मजदुर आन्दोलन अगाडि बढाउन 'नो वर्क, नो पे' लाई मुद्दाको रूपमा अगाडि सारेर मजदुर आन्दोलनलाई सशक्त रूपमा अगाडि बढाउनु पर्ने आवश्यतामाथि जोड दिए ।

'दलाल ट्रेड यूनियनहरूको भण्डाफोर गरौं !, क्रान्तिकारी मजदुर आन्दोलनको विकास गरौं !!' भन्ने मूल नाराका साथ आयोजना गरिएको '१२८ औं अन्तर र्ष्ट्रिय मजदुर दिवस समारोह' कार्यक्रममा क्रान्तिकारी माओवादीका सचिवालय सदस्यहरू पवनमान श्रेष्ठ, नगेन्द्र राई लगायत नेताहरूको उपस्थिति रहेको थियो भने इश्वर तिमिल्सिनाले कार्यक्रमको अध्यक्षता र फुर्नाम्गेल मोक्तानले संचालन गरेका थिए । कार्यक्रमलाई मजदुर नेता ठमानसिंह तामाङले स्वागत गरेका थिए ।

यसैबीच, नेकपा (क्रान्तिकारी माओवादी)ले १२८ औं मजदुर दिवसको सन्दर्भमा एक वक्तव्य जारी गर्दै नेपालमा आज एकातिर मजदुर वर्गमाथिको उत्पीडन तीव्र रूपमा बढेको छ भने अर्कोतिर वर्तमान प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थामा गम्भीर संकट पैदा भएको जनाएको छ ।

गत सोमबार जारी गरिएको वक्तव्यमा भनिएको छ, 'सत्तारुढ र प्रतिपक्षी राजनीतिक दलहरूका विचमा मात्र होइन सत्तारुढ राजनीतिक दलहरूकै बिचमा पनि अन्तर्विरोध चर्किएका छन् । त्यत्ति मात्र होइन कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका बिचको अन्तर्विरोध चरम बन्दै गइरहेको छ । यस प्रकारका अन्तर्विरोधहरूलाई हामीले वर्तमान प्रतिक्रियावादी राज्यसत्ता र संसदीय व्यवस्थाभित्रका संकट र असफलताको अभिव्यक्तिका रूपमा लिनु पर्दछ ।'

वक्तव्यमा अध्यक्ष किरणले पार्टीपंक्तिलाई अपील गर्दै भनेका छन्, 'यो बेला हामीले क्रान्तिका लागि अनुकूल बन्दै गइरहेको वस्तुगत परिस्थितिको सही आँकलन गर्दै आत्मगत अवस्थाको तयारीमा विशेष जोड दिनु पर्दछ ।'

'क्रान्तिकारी अन्तर्राष्ट्रिय मजदुर दिवसको यस ऐतिहासिक दिनलाई एक अवसरका रूपमा लिदै दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्तवर्गका साथै साम्राज्यवादी तथा विस्तारवादी उत्पीडन र हस्तक्षेपका विरुद्ध नयाँ जनवादी क्रान्तिको तयारी गर्दै वैज्ञानिक समाजवाद र साम्यवादको दिशामा दृढतापूर्वक अगाडि बढौं ! सर्वहारा अन्तर्राष्ट्रियतावाद जिन्दावाद ! !'

## अदालत...

अदालतमा विचाराधीन प्रहरी महानिरीक्षक बढुवासम्बन्धी मुद्दामा भएको फैसलालाई आधार मानी अन्य अभियोग लगाइएको देखिए पनि माथि उल्लेख गरिएजस्तो आधारमा नआएकोसमेतबाट नेपालको संविधानको मर्म र भावनाअनुकूल उक्त महाअभियोग प्रस्ताव छैन भन्ने कुरा सुरु नजरमा देखिन आयो,' अन्तरिम आदेशमा भनिएको छ ।

'सुविधा सन्तुलनको आधारमा यो निवेदनको टुंगो नलागेसम्म व्यवस्थापिका-संसद्को सचिवालयमा दर्ता भएको मिति ०७४ वैशाख १७ को महाअभियोग प्रस्ताव र व्यवस्थापिका-संसद्को महासचिवले जारी गरेको मिति ०७४ वैशाख १७ को पत्रसमेत यथास्थितिमा राख्नू साथै सम्माननीय प्रधानन्यायाधीश सुशीला कार्कीलाई यथावत् रूपमा आजै आफ्ना पदमा काम गर्न दिनू-दिलाउनू भन्ने आदेश जारी गरिएको छ ।'

सत्तारुढ कांग्रेस र माओवादी केन्द्रका २ सय ४९ सांसदले गत आइतबार प्रधानन्यायाधीश कार्कीविरुद्ध संसदमा महाअभियोगको प्रस्ताव दर्ता गराएका थिए । अधिवक्ताद्वय कञ्चनकृष्ण न्यौपाने र सुनीलरञ्जन सिंहले महाभियोग प्रस्ताव खारेज गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

रिटमा महाअभियोगसम्बन्धी कुनै पनि काम-कारबाही अघि नबढाउन अन्तरिम आदेशको माग गरिएको थियो । सभामुख, व्यवस्थापिका-संसद् सचिवालय, कांग्रेस संसदीय दलको कार्यालय, माओवादी केन्द्र संसदीय दलको कार्यालयलाई विपक्षी बनाइएको थियो ।

प्रधानन्यायाधीश सुशीला कार्कीमाथिको महाअभियोग प्रस्ताव दर्ता भएकै दिनदेखि सर्वोच्च अदालतका न्यायाधीशहरूको अनुहारमा हीन भावना भएको न्यायाधीश चोलेन्द्रशमशेर जबराले आदेशमा उल्लेख गरेका छन् । 'निवेदकले अन्तरिम आदेश माग गर्दै गर्दा मेरो मन मलिन, उदास र अशान्त भइरहेको महसुस गरिरहेको छु,' न्यायाधीश जबराले भनेका छन् । उनको यस्तो भावनात्मक भनाईको चौतर्फी आलोचना भएको छ ।

न्यायाधीश जबराले यो देशलाई सतीको श्राप छ भन्ने गरिएको भन्दै यो आदेशपछि सबैले विचार गर्नैपर्ने बताएका छन् । 'यो देश र जनतालाई उक्त श्रापबाट उन्मुक्ति पाउनबाट म भन्छु, न्यायालय राज्यको अति संवेदनशील अंग हो, यसका न्यायाधीशहरूबाट गरिने व्यवहार, आचरण र न्यायसम्पादनसमेत गम्भीर विचलन भएको हो, होइन ?'

प्रधानन्यायधीसमाथिको महाअभियोग अघि नबढाउन आदेश दिएलगत्तै कार्की अदालतमा उपस्थित भएर काम गर्न सुरु गरिसकेकी छन् । सर्वोच्चको पत्र संसदमा समेत आइपुगेको अवस्थामा अब त्यसबारेमा सीमित विकल्पहरू मात्रै बाँकी रहेका छन् । पहिलो यो प्रक्रियालाई अघि बढाउनु, दोस्रो संसद्का २४९ सांसदले दर्ता गरेको र सदनमा प्रस्तुत समेत भइसकेको प्रस्ताव किनारा लगाउनु अबका विकल्प हुनेछन् ।

संविधानको धारा १०३ मा संसद्लाई आफ्नो कारबाही र निर्णय गर्ने विशेषाधिकार रहेको छ । संसदको बिशेषाधिकार माथि हस्तक्षेप भएको अवस्थामा सभामुखले आफ्नो अधिकार प्रयोग गरी तीन महिना जेल सजाय समेत गर्नसक्ने प्रावधान रहेको छ ।

**संविधानमा यस्तो छ संसद्को विशेषाधिकार**

२) यस संविधानको अधीनमा रही संघीय संसद्को प्रत्येक सदनलाई आफ्नो काम-कारबाही र निर्णय गर्ने पूर्ण अधिकार रहनेछ र सदनको कुनै कारबाही नियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार सम्बन्धित सदनलाई मात्र हुनेछ । यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइनेछैन ।

७) विशेषाधिकारको हननलाई संघीय संसद्को अवहेलना मानिनेछ । र, कुनै विशेषाधिकारको हनन भएको छ वा छैन भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार सम्बन्धित सदनलाई मात्र हुनेछ ।

८) कसैले कुनै सदनको अवहेलना गरेमा सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिले सदनको निर्णयबाट सो व्यक्तिलाई सचेत गराउन, नसिहत दिन वा तीन महिना नबढ्ने गरी कैद गर्न वा दस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो जरिवाना सरकारी बाँकीसरह असुलउपर गरिनेछ । तर, सम्बन्धित सदनलाई सन्तोष हुने गरी त्यस्तो व्यक्तिले क्षमयाचना गरेमा सदनले क्षमा प्रदान गर्न वा तोकिसकेको सजायलाई माफी गर्न वा घटाउन सक्नेछ ।

प्रधानन्यायधीस कार्कीमाथिको महाअभियोग र त्यसको प्रक्रिया अघि नबढाउन सर्वोच्चले नै दिएको आदेशले वर्तमान संविधान र व्यवस्थामाथि नै प्रश्न चिन्ह खडा गरेको छ । दलहरू संवैधानिक व्यवस्थालाई समेत कार्यान्वयन गर्न नसक्ने अवस्थामा पुगेका छन् भने अदालत व्यवस्थापिका र कार्यापालिकाका निर्णयमा समेत हाबी हुने अवस्था सिर्जना भएको छ ।










**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।